जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com


'पिताम्बर'मा एक्सन अवतारमा देखिँदै प्रदीप पृष्ठ ४ मा




छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २४० • २०८० साल माघ १३ गते शनिवार (27 January, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मधेश प्रदेशमा सरकारले विश्वासको मत लिने

# जनमत पार्टीले समर्थन फिर्ता लिएपछि सरकारले बहुमत सिद्ध गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेश सभामा विश्वासको मत लिने भएको छ । सरकारमा सहभागी रहेको जनमत पार्टीले समर्थन फिर्ता लिएपछि सरकारले विश्वासको मत लिने तयारी गरेको छ।

जनमत पार्टीको मधेश प्रदेशमा १३ जना सभासद छन् । प्रदेश सरकार गठन भएदेखि नै सरकारमा रहेको जनमत पार्टीले गत मंगलबार सरकारबाट बाहिरिएर समर्थन पनि फिर्ता लिएको छ।

मधेश प्रदेशमा सरकारलाई बहुमत सिद्ध गर्न समस्या छैन् । जनता समाजवादी पार्टी(जसपा) संसदीय दलका नेता सरोज कुमार यादवको नेतृत्वमा रहेको सरकारलाई नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एस, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)र स्वतन्त्र सभासदहरुले समर्थन गरेका छन् ।

मधेश कृषि विश्वविद्यालयको सप्तरीमा भवन शिलान्यासको क्रममा जसपा र जनमत पार्टीबीच विवाद भएको थियो । मधेश प्रदेश सरकारको स्वामित्वमा रहेको विश्वविद्यालयको कुलपति रहेका मुख्यमन्त्री सरोज कुमार यादवले भवनको शिलान्यासको प्रमुख अतिथि जसपाका अध्यक्ष उपेन्द्र यादवलाई बनाएको विरोधमा उत्रेको जनमत पार्टी अन्ततःसरकारबाट नै बाहिरियो ।

जनमत पार्टीबाट मधेश प्रदेश सरकारमा शिक्षा तथा संस्कृति मन्त्री रहेका महेश प्रसाद यादव विश्वविद्यालयको सहकुलपति रहेका थिए । जनमत पार्टीका अध्यक्ष डा.सी के राउतले भवन शिलान्यास गर्ने अडान लिएपछि विवाद चर्किएको थियो । जनमत पार्टीका नेता, कार्यकर्ताहरुले शिलान्यास अगावै विश्वविद्यालयको प्रशासनिक भवनमा लगाएको ताल्चा अझै खुलेको छैन् । उनीहरु जनमत पार्टीका अध्यक्ष सो क्षेत्रबाट प्रतिनिधि सभासदस्य रहेकाले शिलान्यास गर्न पाउनुपर्ने तर्क राख्दै विरोधमा उत्रेका थिए ।



सरकारमा रहे पनि जसपा र जनमत पार्टीबीचको सम्बन्ध मधुर थिएन् । जनमत पार्टीले शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा सिफारिस गरेको रञ्जु कुमारी मण्डल खंग खत्बेलाई मुख्यमन्त्रीले सपथग्रहण गराएनन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री वसन्त कुशवाहालाई केही महिना बिना विभागीय बनाएर राजीनामा गर्न बाध्य बनाइएको थियो ।

संघीय सरकारमा रहे पनि जनमत पार्टीलाई पाँच दलीय संघीय गठबन्धनमा राखिएको छैन् । पाँच दलीय संघीय गठबन्धनमा मधेशबाट जसपा मात्र रहेको छ।

जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको पत्र मंगलबार प्रदेश प्रमुखलाई बुझाउँदै मन्त्रीद्वय शिक्षा तथा संस्कृति महेश प्रसाद यादव र श्रम तथा यातायात मन्त्री चन्दन सिंहले मुख्यमन्त्री यादवलाई राजीनामा पत्र बुझाएका थिए ।

जनमत सरकारबाट बाहिरिएपछि शिक्षा तथा संस्कृति मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय बाडफाँटमा नेपाली कांग्रेस, माओवादी केन्द्र र लोसपाले दाबी गर्न थालेका छन् । सरकारमा कांग्रेसबाट हाल ३ जना मन्त्री छन् । माओवादीबाट एकजना मात्र मन्त्री छन् । लोसपाबाट पनि एकजना मात्र सरकारमा रहेका छन् ।

जसपाको मुख्यमन्त्रीका अतिरिक्त ३ जना मन्त्री छन् । कांग्रेसले थप एउटा मन्त्रालयमा दाबी गर्दै आएको छ । माओवादीले पनि थप मन्त्रालयका लागि प्रयासरत रहेको बेला लोसपाले पनि दबाब बढाएको छ ।

मधेश प्रदेशमा कांग्रेसको २२ जना सभासद, जसपाको १९ जना सभासद, माओवादीको ९ जना सभासद, लोसपाको ९ जना सभासद र एकीकृत समाजवादीको ७ जना सभासद रहेका छन् ।

एमालेको २४ जना सभासद, जनमतको १३ जना सभासद, राप्रपाको १ जना सभासद, नागरिक उन्मुक्ति पार्टीको १ जना सभासद, संघीय समाजवादीको १ जना सभासद र स्वतन्त्र १ जना सभासद रहेका छन् ।

मुख्यमन्त्री यादवलाई ५४ जना सभासदको समर्थन चाहिन्छ । कांग्रेस, जसपा, माओवादी, एस र लोसपाको गरी ६६ जना सभासदको समर्थन रहेको छ । सरकारसित पर्याप्त बहुमत रहे पनि कानुनी प्रावधान अनुसार कुनै दलले समर्थन फिर्ता लिए पनि प्रदेश सभामा बहुमत साबित गर्नु आवश्यक रहेको छ ।

कुनै दलले समर्थन फिर्ता लिएको ३० दिन भित्र सरकारले प्रदेश सभामा विश्वासको मत अनिवार्य रुपमा लिनुपर्छ ।

मुख्यमन्त्री यादव निकट स्रोतका अनुसार आगामी हप्ता नै प्रदेश सभामा विश्वासको मत लिने तयारी सरकारले गरेको छ । विश्वासको मत प्राप्त गरेपछि सरकारको विकास निर्माणको कार्यले गतिलिने बताइएको छ ।

गठबन्धनका शीर्ष नेताहरुसित छलफलका लागि मुख्यमन्त्री आइतबार काठमाण्डु जाने कार्यक्रम रहेको स्रोतले जनाए । नेताहरुसित छलफल भएपछि विश्वासको मत लिने स्रोतले जनाएका छन् ।

मुख्यमन्त्रीमा यादव नियुक्त भएपछि पहिलो पटक विश्वासको मत लिने क्रममा प्रदेशसभाबाट सर्वसम्मत भएका थिए । संघीय गठबन्धनको संरचनामा परिवर्तन भइ एमाले हटेर कांग्रेस सहभागी भएपछि मुख्यमन्त्री यादवले दोस्रो पटक विश्वासको मत लिएका थिए ।

जनमतले साथ छाडेपछि प्रदेश सभामा मुख्यमन्त्री यादवले तेस्रो पटक विश्वासको मत लिने तयारी गरेका हुन् । विश्वासको मत लिन कुनै जोखिम नरहे पनि उनले तत्कालै विश्वासको मत लिएर अगाडि बढ्ने उनी निकट स्रोतले जनाएका छन् ।

# नेपाल यू-१९ विश्वकप क्रिकेटको सुपर सिक्समा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली क्रिकेट टोलीका कप्तान देव खनालको उत्कृष्ट प्रदर्शनमा आईसीसी यू-१९ विश्वकप २०२४ मा नेपालले अफगानिस्तानलाई १ विकेटले हराउँदै सुपर सिक्समा प्रवेश गरेको छ ।

नेपाल समूह डी बाट तेस्रो स्थानमा रहँदै सुपर सिक्समा पुगेको छ । जितको लागि १ सय ४६ रनको मध्यम विजयी लक्ष्यलाई नेपालले ४४दशमल ४ ओभरमा ९ विकेट गुमाउँदै हासिल गर्‍यो ।

कप्तान खनालले ८९ बलमा ७ चौकासहित सर्वाधिक ५८ रनको पारी खेले । ओपनर अर्जुन कुमाल १० रन , तेस्रो नम्बरका गुलशन झा १ रन र विपिन रावल २ रनमा नै आउट भएपछि पारी कमजोर हुन थालेको थियो । खलिल अहमदले ओपनर विपिन रावललाई योर्करमा २ रनमा एलबीडब्लू आउट गरेपछि नेपाल ८.१ ओभरमा २४-३ को अवस्थामा पुगेको थियो । तर कप्तानले उत्कृष्ट प्रदर्शन गर्दै नेपाललाई जितसम्म पुर्‍याए ।




# जउमनपालाई सवा दुई अर्बको सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । एसियाली विकास बैंक(एडीबी)ले संघीय सरकारको सहरी विकास मन्त्रालयसित गरेको झण्डै पौने २१ अर्बको सम्झौतामा जनकपुरधाम उपमहानगरपालिकाले २ अर्ब ३० करोड पाउने भएको छ ।

नगर क्षेत्रको सडक, नाला, जीवनयापनको स्तरोन्नतिका लागि सो रकम उपलब्ध हुने जनकपुरधाम उपमहानगरपालिकाकामेयरमनोज कुमार साहले जनाए ।'एडीबीबाट प्राप्त रकमको काम निर्धारित समयमै खर्च गरिनेछ' उनले भने, तोकिएको समयमा बजेट खर्च गर्न सके थप रकम प्राप्त हुनेछ ।

जनकपुरधामको मुख्य सडकहरुमा नालाको काम भइसके पनि सहायक सडकलगायत केही ग्रामीण वडाहरुमा काम गर्न बाँकी रहेको बताउँदै मेयर साहले भने, यस पटक नगरको अधिकांश सडक र नालाको काम पूरा गरिनेछ ।

एडीबीको आयोजनाका लागि मेयर साह केही महिनादेखि निरन्तर लागेका थिए ।

सम्झौता पत्रमा हस्ताक्षर हुने बखत जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्की पनि उपस्थित रहेका थिए ।

उपमहानगरपालिकाको आन्तरिक, नेपाल सरकार र प्रदेश सरकाको बजेट बाहेक एडीबीबाट प्राप्त रकम रहेकाले ग्रामीण वडाहरुमासमेत विकासको अनुभूति हुने मेयर साहले बताए ।

यस अघि पनि एडीबीको ऋण सहयोगबाट जनकपुरधामको मुख्य सडक र नालाहरु निर्माण गरिएको थियो । एडीबीले उपलब्ध गराएको ऋण पाउनेमा जनकपुरधामका अतिरिक्त पोखरा, लुम्बिनी, देवदह लगायतका नगरपालिकाहरु रहेका छन् ।




# ग्यास सिलिण्डर विष्फोटले घरमा क्षति



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बलरा नगरपालिका-४, बलरागोठमा ग्यास सिलिण्डर विष्फोट हुँदा घरमा क्षति पुगेको छ ।

खाना पकाइरहेका बेला स्थानीय अख्तर हुसेनको घरमा ग्याँस सिलिण्डर विष्फोट हुँदा सो घरमा क्षति पुगेको हो । ग्यास सिलिण्डर विष्फोट हुँदा घरको छानो उडेको छ ।

घटनामा मानवीय क्षति नभएको सर्लाही प्रहरीले जनाएको छ । ग्यास सिलिण्डर विष्फोटबाट घरमा रहेको सरसामग्रीसहित घरमासमेत क्षति पुग्दा करिब १२ लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ल प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# कटन क्याण्डी मिठाई बिक्री वितरणमा प्रतिबन्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले अखाद्य वस्तुको रुपमा रहेको कटन क्याण्डी (हवाई मिठाई) जफत गरी नष्ट गर्ने अभियान सुरु गरेको छ ।

सरकारले स्वास्थ्यका लागि हानिकारक रहेको ठहर गर्दै कटन क्याण्डी बिक्री वितरणमा रोक लगाएपछि कार्यालयले बिहीबारदेखि जनकपुरधाममा जफत गरी नष्ट गर्ने अभियान सुरु गरेको हो

कार्यालयका खाद्य निरीक्षक प्रवीण तिवारीको अगुवाइमा जनकपुरधामको भ्रमरपुरा चोकस्थित उत्पादन गर्दै आएका अखाद्य वस्तु हवाइ मिठाइ जफत गरी नष्ट गरेका छन् ।

तयारी अवस्थामा राखिएको साढे चार सय थान कटन क्याण्डीसहित त्यसमा प्रयोग गरिने रंगसहित जफत गरी नष्ट गरेको छ ।




कार्यालयले हवाइ मिठाइ बेचिरहेको अवस्थामा जानकी मन्दिर प्रांगणबाट साढे चारसय थान जफत गरी नष्ट गरिएको खाद्य निरीक्षक प्रवीण तिवारीले बताए । उत्पादन गर्दै आएका उद्योगका संचालक प्रभु प्रसाद पटेललाई अब देखि कटन क्याण्डी बेच्नबाट रोक लगाउँदै बिक्री वितरणका लागि अनुज्ञापत्र लिई लेबल विवरण पुर्णरुपमा खुलाइ बिक्री गर्न निर्देशन दिएको खाद्य निरीक्षक प्रमोद बुढाथोकीले बताए ।

खासगरि बालबालिकाहरुले खाँदै आएको हवाइ मिठाइमा रोडा माइन विको नामको अखाद्य रंग प्रयोग गर्दै आएको र सो स्वास्थ्यका लागि निकै नै हानिकारक रहेकाले सरकारले माघ ८ गते देखि सूचना नै जारी गरी बिक्री वितरणमा रोक लगाउन निर्देशन दिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका प्रमुख हस्तबहादुर राईले बताए ।

यता कृषि तथा पशुपन्छी विकास कार्यालयले जारी गरेको सूचनामा विभिन्न स्थानमा सडकपेटी, बजार, मेलालगायतमा बिक्री भइरहेको रंगीन कटन क्याण्डीमा मानव स्वास्थ्यमा असर पुऱ्याउने अखाद्य रंग रोडा माइन विको प्रयोग भएकोले विभागबाट अनुज्ञापत्र पत्र प्राप्त गरी लेबल लगाइएका बाहेकका कटन क्याण्डी उपभोग नगर्न अनुरोध गरेको छ ।

# बहुभाषिक कवि गोष्ठी सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रज्ञा प्रतिष्ठानद्वारा शुक्रबार जनकपुरधाममा बहुभाषिक कवि गोष्ठी सम्पन्न भएको छ ।

प्रदेश स्तरीय बहुभाषी कविगोष्ठीमा विभिन्न मातृभाषाका तीन दर्जन भन्दा बढ़ी कविता वाचन गरिएको थियो ।




मधेशका विभिन्न जिल्लाबाट आएका कविहरुले आयोजनाप्रति आफ्नो सकारात्मक प्रतिक्रिया व्यक्त गर्दै आगामी दिनमा यसको निरन्तरताको अपेक्षा राखेका थिए ।

प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका सदस्य दिनेश कुमार यादवले स्वागत मन्तव्य राखेका थिए ।

# करणीको आरोपमा शिक्षक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनमा छात्रालाई जबर्जस्ती करणीको प्रयासको आरोपमा एक शिक्षक पक्राउ परेका छन् ।

आफ्नै विद्यालयमा अध्ययनरत १४ वर्षीया एक छात्रालाई उनकै घरमा पुगेर करणीको प्रयास गर्ने हरिवन नगरपालिका- ११ बस्ने ४२ वर्षीय रवीन कार्की पक्राउ परेका हुन् ।

कार्कीले हरिवन नगरपालिका-१० स्थित सुखेपोखरीमा रहेको मोडल युरिका एकेडेमीमा अध्यापन गराउँदै आएका छन् । शिक्षक कार्कीले गएको बुधबार मदिरा सेवन गरी बालिकालाई भान्साको काम गरिरहेका बेला घरमै पुगेर जबर्जस्ती करणीको प्रयास गरेका थिए ।

किशोरीका परिवारले घटनाबारे सर्लाही प्रहरीमा जाहेरी दिए लगत्तै आरोपित कार्कीलाई पक्राउ गरी हिरासतमा लिइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जनाएका छन् ।

# गाँजा फडाँनी

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको सोनमा गाउँपालिकामा अवैधरुपमा खेती गरिएको लागूऔषध गाँजा प्रहरीले फडानी गरेको छ ।

जिल्लाको सोनमा गाउँपालिका वडा नम्बर ५ स्थित खैरवनीमा रहेको खेतबारीमा गाँजाको खेती भईरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय खैरवनीको प्रहरी टोलीले एक कठ्ठा क्षेत्रफलमा लगाइएको ७५ वटा बोटहरु फडाँनी गरिएको जनाएको छ ।

महोत्तरी प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले गाँजाका ७५ थान वोट नष्ट गरिएको बताए ।

उक्त गाँजा खेती को-कसले लगाएको हो भन्ने विषयमा थप अनुसन्धान कार्य भइरहेको उनले बताए ।


# अवैध उत्खनन् कार्यको विरोधमा प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन् गरिरहेको भन्दै रोक्न गएका अभियानीहरुलाई क्रसर माफियाले कुटपिट गरेको छ ।

नदि नाला अबैध उत्खनन् विरुद्धका अभियानका संयोजक राम एकवाल शर्मा (बाली) को नेतृत्वमा कमला नदीमा अवैध उत्खनन् भैरहेको भन्ने सूचनाको आधारमा अभियानीहरु उत्खनन् कार्य रोक्ने क्रममा क्रसर माफियाहरुको टोलिले कुटपिट गरेको अरोप छ ।

क्रसर माफियाहरुले कुटपिट गरेको भन्दै अभियानीहरुले धनुषाको गणेशमान चारनाथ नगरपालिका स्थित वीरेन्द्रबजार-रघुनाथपुर सडकखण्ड अवरुद्ध गर्दै प्रदर्शनसमेत गरेको थियो ।



# पर्यटन सम्भाव्यताको अध्ययन हुने

**टुडे समाचारदाता**

महोत्तरी । चुरे पर्वत श्रेणीका शृंखला वरपर पर्यटकीय गन्तव्य पहिल्याउन सम्भाव्यताको खोजी हुने भएको छ । महोत्तरी जिल्लाको चुरे पर्वत श्रेणीका धार्मिक, ऐतिहासिक र वन्य पशुपक्षी बासस्थानका पर्यटकीय सम्भावनाबारे संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चासो बढाएको हो । महोत्तरीको बर्दिबास नगरक्षेत्रमा पर्ने चुरे पर्वत श्रेणीमा पर्यटकीय सम्भावनाबारे बर्दिबास उद्योग वाणिज्य सङ्घका प्रतिनिधिसँग संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले तत्काल विज्ञको टोलीबाट सम्भाव्यता अध्ययन हुने जनाएका छन् ।




सङ्घले गत साता चुरेक्षेत्रमा पर्यटकीय सम्भावनाको खोजी गर्दै थालेको पदयात्राको पहिलो चरणको प्रतिवेदन बुझाएपछि मन्त्री किरातीले सम्भावित गन्तव्यबारे अध्ययन गर्न एक साताभित्रै विज्ञटोली पुग्ने प्रतिबद्धता बिहीबार जनाएका छन् । "हामीले पर्यटन गन्तव्य पहिल्याउन थालिएको पदयात्राको पहिलो चरणको प्रतिवेदन मन्त्रीजीलाई बुझायौं," सङ्घका अध्यक्ष विष्णु खड्काले भने, "उनले सम्भाव्यता अध्ययन गर्न तत्काल विज्ञटोली खटाउने बताऐ ।" सङ्घका पदाधिकारी, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी र राजनीतिक दलका प्रतिनिधिसहितको टोलीले मन्त्री किरातीलाई बिहीबार मन्त्रालयमा भेटेर पदयात्राले पहिल्याएका सम्भावनाबारे प्रतिवेदन बुझाएपछि मन्त्री किरातीबाट राम्रो वास्ता पाएको टोलीका सदस्य नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीले जानकारी दिए ।

बर्दिबास उद्योग वाणिज्य सङ्घले स्थानीय समृद्धिको आधार पहिल्याउन पर्यटन मुख्य आधार हुनसक्ने हुँदा त्यस्ता ठाउँ पहिल्याउन चुरे क्षेत्रको पदयात्रा थालेको छ । गत साता गरिएको पहिलो चरणको पदयात्रामा भेटिएका गिद्धबास, सिद्धगुफा र पाषाणकालीन हतियार कारखाना क्षेत्र र राईमण्डल धार्मिकक्षेत्र यहाँका पर्यटकीय गन्तव्य हुनसक्ने पदयात्रीको ठहर मन्त्रीलाई प्रतिवेदनका रुपमा बुझाइएको हो ।

चुरे पर्वत श्रेणीमा लोपोन्मुख पक्षी गिद्धको बासस्थान, तपस्यारत लामाको सिद्धगुफा, पाषाणकालीन हतियार कारखानाका अवशेष क्षेत्र, परेवापाखा र धार्मिकक्षेत्र राईमण्डलबारे पर्यटकीय सम्भावनाको सम्भाव्यता अध्ययन गर्न मन्त्रालयले विज्ञटोली नै पठाउने निर्णय भएपछि पदयात्रीमा हौसला बढेको छ ।

अबको दोस्रो चरणको पदयात्रामा जिल्लामा पर्ने चुरे पर्वत श्रेणीका पर्यटनका लागि सम्भावित बढीभन्दा बढी ठाउँको अवलोकन गर्नेगरी तालिका बनेको आयोजक संस्था बर्दिबास उद्योग वाणिज्य सङ्घले जनाएको छ । "यस क्रममा प्रसिद्ध धार्मिकस्थल पञ्चधुरा माईस्थान, टुटेश्वरनाथ महादेव मन्दिर, चुरे पर्वत श्रेणीकै सबभन्दा अग्लो मानिएको चनौटेडाँडा, चुरेकाछका बस्ती, यहाँका नदीनाला र जलाधारक्षेत्रसहितका रमणीयस्थल पनि हामी पुग्छौं," सङ्घका अध्यक्ष खड्का भन्नुहुन्छ, "पदयात्राको पहिलो चरणको प्रतिवेदनबारे मन्त्री किरातीले देखाउनुभएको सकारात्मक चासोले हामीलाई हौस्याएको छ, यो काममा तीनै तहका सरकारको सहयोग, सद्भाव प्राप्त हुने विश्वास छ ।"

पदयात्राका क्रममा चुरेकाछका बस्तीको रहनसहन, व्यवसाय र सांस्कृतिक परम्परा, वेशभूषा र अन्य पक्षबारे पनि अवलोकनको अवसर पाइएको पदयात्रीको भनाइ छ । अब विज्ञटोलीको अध्ययनले थप सम्भावना पहिल्याउन सहयोग, हौसला प्राप्त हुने पदयात्रा र मन्त्रीसँगको भेटमा समेत सहभागी सञ्चारकर्मी विशाल बस्नेत बताउनुहुन्छ । महोत्तरीमा चुरे खोँच करिब ३० किलोमिटर पूर्वपश्चिम लम्बाइमा रहेको छ ।

# तीस लाख नगदसहित हुण्डी कारोबारमा संलग्न दुई जना पक्राउ

काठमाण्डु । हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-१० अनामनगर बस्ने ५० वर्षीय युवराज प्रसाई र सुनसरीको धरान उपमहानगरपालिका-११ घर भई काठमाडौं महानगरपालिका-६ नयाँबस्ती बस्ने ३० वर्षीय विश्वास राईलाई पक्राउ गरिएको छ ।

हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा काठमाडौंमहानगरपालिका-१० अनामनगर बस्ने ५० वर्षीय युवराज प्रसाई र सुनसरीको धरान उपमहानगरपालिका-११ घर भई काठमाडौं महानगरपालिका-६ नयाँबस्ती बस्ने ३० वर्षीय विश्वास राईलाई पक्राउ गरिएको छ।

युवराजको घरमा हुण्डी कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान व्युरोको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । साथै थप अनुसन्धान गर्ने क्रममा काठमाडौं महानगरपालिका-६ बौद्ध नयाँबस्तीस्थित राईको सटरबाट नगद रु ३० लाख १८ हजार, ल्यापटप दुई थान र मोबाइल पाँच थान बरामद गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

**माइग्रेशन हरायो**

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट भानु चोक जाने क्रममा मिति २०८०।१०।५ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : रमण कुमार साह**
**सिम्बोल नं.: २१७०८११३**
**रजिष्ट्रेशन नं.:७८२१७०७४००२७**
**ठेगाना: जि.ध. जनकपुरधाम-९**
**मो.नं.९८०७६९६३३८**

## तपाईको आज
पण्डित : ब्रम जी

- मेष : प्रतिभा सम्पन्नता ।
- बृष : शिक्षामा उन्नति ।
- मिथुन : पारिवाहिक सुख ।
- कर्कट : धन वृद्धि सञ्चय ।
- सिंह : प्रेम प्रसंग, मित्र सुख ।
- कन्या : सुख समृद्धि हुने ।
- तुला : भ्रमण अवसर हुने ।
- वृश्चिक : अवसर प्राप्त ।
- धनु : वाद विवादबाट बच्नु ।
- मकर : पुरस्कार प्राप्त लाभ ।
- कुम्भ : नयाँ कार्य हुने ।
- मीन : बौद्धिक क्षमता ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाही जिल्लासहित तराई मधेश क्षेत्रमा केही दिनदेखि अत्याधिक चिसो बढेपछि मलङ्गवा-१०, जिल्ला विकास चोकमा आगो बालेर ताप्दै सर्वसाधारण। सर्लाहीमा शीतलहरसहित चिसो हावा चलेका कारण यहाँ जनजीवन प्रभावित भएको छ। *तस्बिर :रासस*

# फरार नगरप्रमुखविरुद्ध 'रेड नोटिस'

टुडे समाचारदाता

गलकोट । सहकारीको बचत रकम हिनामिना गरेर फरार रहेका बागलुङको ढोरपाटन नगरपालिकाका प्रमुख तथा इमेज बचत तथा ऋण सहकारीका संस्थापक अध्यक्ष देवकुमार नेपालीलाई खोज्न 'रेडकर्नर नोटिस' जारी गरिएको छ ।



सहकारीका बचतकर्ताको रु डेढ अर्ब बढी रकम लिई फरार नेपालीविरुद्ध प्रहरी प्रधान कार्यालय इन्टरपोल महाशाखाले 'रेडकर्नर नोटिस' जारी गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिए ।

नगरप्रमुख नेपाली गत जेठ ५ गतेदेखि सपरिवार बुर्तिवाङ बजारबाट सम्पर्कविहीन भएका थिए । बागलुङ बजारमा मुख्य कार्यालयसहित गलकोट, बुर्तिवाङ तथा पोखरामा शाखा कार्यालयमार्फत बचत सङ्कलनबापतको उक्त रकम हिनामिना गरी फरार भएका नेपाली विदेशमा लुकेर बसेको आशङ्कामा इन्टरपोलमार्फत खोजी गर्न प्रहरीले 'रेडकर्नर नोटिस' जारी गरेको छ । जिल्ला प्रहरी कार्यालयले इन्टरपोललाई रेडकर्नर नोटिस जारी गर्नका लागि गत भदौमा पत्र पठाएको थियो ।

नेपालीलगायत सहकारी सञ्चालकविरुद्ध एक हजार चार सय ८१ जनाले उजुरी दर्ता गराएका छन् । केसीका अनुसार बागलुङमा मात्रै सहकारीले आठ सय सेयर सदस्य र तीन हजार दुई सय बचतकर्ताको रु डेढ अर्ब बढी रकम बचत अपचलन गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

"विश्वभर इन्टरपोलमा आबद्ध देशका सुरक्षाकर्मीको सहयोगमा पक्राउ गर्नका लागि रेडकर्नर नोटिस जारी गरिन्छ", प्रनाउ केसीले भने, "विश्वको जुन कुनामा भए पनि पक्राउ गरेर नेपाल ल्याउन र बचतकर्ताको रकम फिर्ता गर्नका लागि नोटिस जारी गरिएको छ ।"

ढोरपाटन-१ घर भएका नगरप्रमुख नेपालीसहित ११ जना सञ्चालकविरुद्ध गत असार २५ मा बागलुङस्थित जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो । नगरप्रमुख नेपाली सम्पर्कविहीन भएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले इमेज सहकारीका कार्यवाहक अध्यक्ष डोरबहादुर परियार, सचिव सुनिल नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन र सञ्चालक सदस्यत्रय चित्रबहादुर भण्डारी, रुपा विक तथा झगबहादुर शाहीविरुद्ध अनुसन्धान अगाडि बढाउन जिल्ला प्रहरी कार्यालयलाई गत जेठ १६ मा पत्राचार गरेको थियो ।गत साउन ४ गते सहकारीका बचतकर्ताको अर्बौं रकम हिनामिना गरेको आरोपमा पक्राउ परेका सञ्चालक भण्डारी, कर्मचारी प्रबन्धक शक्ति किसान र कर्मचारी लालमती रोकालाई अदालतले थुनामा राख्न आदेश दिएको थियो । शुक्रबार नै कोषाध्यक्ष सेनलाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको छ ।

# मन्त्री उपस्थितिको माग गरेपछि ....

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठक शुक्रबार बिहान १० बजे बोलाइएको थियो । बैठकको कार्यसूची थियो अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल र विविध ।



पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, पूर्वउपसभामुख एवं लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरसहित सांसदहरु बैठकमा सहभागी थिए । बैठकको सुरुमा सांसद सुमना श्रेष्ठले विधेयकमाथिको संशोधन प्रस्ताव प्रस्तुत गरे ।

सभापति राजकिशोर यादवले उक्त विधेयकको दफाबार छलफलका लागि समितिका सचिव बबिता मिश्रलाई अनुमति दिए । सचिव मिश्रले विधेयकको पहिलो दफा पढेर सहमतिका लागि प्रस्तुत गरे । तालिकासाथ सांसदहरुले पहिलो दफा पारित भएको जनाउ दिए ।

त्यत्तिकैमा नेकपा (एमाले) का सांसद रघुजी पन्त बैठक हल प्रवेश गरे । बैठक सुरु भइसकेपछि केही ढिलो गरी उपस्थित भएका नेता पन्तले पनि आफ्नो विधेयक उपरको संशोधनका बुँदा पढेर सुनाए । उनले आफ्नो कुरा राखिसकेपछि बैठकहलको चारैतिर नजर लगाए । विभागीयमन्त्री नदेखेपछि सांसद पन्तले पूर्वप्रधानमन्त्री र वरिष्ठ नेतालगायतको उपस्थिति हुँदा बैठकमा मन्त्री उपस्थिति नहुने अवस्थामा बैठक चल्न सक्दैन भने । उनले समितिको बैठकलाई बेवास्ता गर्न नमिल्ने जिकिर गरे । त्यसपछि सभापति यादव केहीबेर अकमकिए ।

राष्ट्रियसभाको निर्वाचनको सन्दर्भमा धेरै सांसद काठमाडौँबाहिर भएकाले बैठकमा छलफल गर्दै गर्ने भन्ने उद्देश्यले बैठक बोलाइएको सभापति यादवले उल्लेख गरे ।शुक्रबारको छलफलको विषय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित थियो । जसअनुसार पर्यटनमन्त्री बैठकमा उपस्थिति हुनुपर्ने थियो । तर, शुक्रबारको बैठकमा मन्त्रीलाई नबोलाइएको समितिले जनाएको छ ।

यत्तिकैमा बैठकमा सहभागी सांसदहरु कानेखुसी गर्न थाल्नुभो । सांसद पन्तले बैठकमा गणपूरक संख्या पनि नपुगेकाले यो बैठक स्थगित हुनुपर्छ भनेर माग गरे । सभापति यादवले केहीबेर सम्झाउने प्रयास गरे । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि सांसदको सहमतिमा बैठक सञ्चालन हुँदै गर्दा गणपूरक पुऱ्याएर अगाडि बढ्न सकिने धारणा राख्नुभयो । उनले भने, "कहिलेकाहीँ हेड काउन्ट' गरेर मात्रै हुँदैन, पहिले अनुमति लिएर म उपस्थित हुन्छु है भनेर पनि बैठक सहमतिमा सञ्चालन गर्न मिल्छ, तर यस्तो विषयमा मन्त्री उपस्थिति हुनुपर्छ ।"

सांसद पन्तले आफ्नो अडान नछाडेपछि सभापति यादवले बैठक स्थगित भएको घोषणा गरे । प्रतिनिधिसभा नियमावली, २०७९ मा समितिको गणपूरक सङ्ख्या नपुगेमा समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मका लागि बैठक स्थगित गर्नसक्ने व्यवस्था छ । समितिको बैठक लगातार दुईपटक गणपूरक सङ्ख्या नपुगेमा कम्तीमा एक तिहाइ सदस्यहरुको उपस्थितिमा बैठक बस्न सक्ने र सोको जानकारी सभापतिले सभामुखलाई दिनुपर्ने व्यवस्था छ ।

समितिमा कूल २७ सांसद छन् । शुक्रबारको बैठकमा कूल नौ सांसद मात्रै सहभागि हुनुहुन्थ्यो । समितिका सचिव बबिता शर्माका अनुसार शुक्रबारको बैठकमा विभागीय मन्त्रीलाई बोलाइएको थिएन ।

बैठकमा विभागीय मन्त्रालयका सचिवहरुको उपस्थितिमा विधेयकको छलफल अघि बढाउने उद्देश्यले बैठक तोकिएको थियो । शुक्रबारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव र कानुन, न्याय तथा संसदीय मामिलामन्त्रालयका सहसचिवको उपस्थिति थियो ।

# सडेको खाना बिक्री गर्ने होटललाई जरिवाना

टुडे समाचारदाता

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा सञ्चालित एउटा होटल कारबाहीमा परेको छ । होटलले ग्राहकलाई खुवाउन राखेको मासु सडेको भेटिएपछि गैँडाकोट-९ मा सञ्चालित होटल राप्ती मुनाललाई बजार अनुगमन टोलीले कारबाही गरेको हो ।



होटलमा बिक्रीका लागि राखिएको खाद्य सामग्री सडेको अवस्थामा फेला परेपछि कारबाही स्वरुप होटललाई रु पाँच हजार जरिवाना गरिएको गैँडाकोट नगरका आर्थिक विकास शाखा प्रमुख देवेन्द्र गौतमले जानकारी दिए । मुनाल होटलले पकाएको चियामा टमाटर भेटिएको, सरसफाइमा ध्यान नदिएको, खानेकुरा राख्दा समेत खाद्य गुणस्तरमा ध्यान नदिइएको तथा उचित व्यवस्थापन नगरेको पाइएपछि कारबाही गरिएको उनको भनाइ थियो ।

गैँडाकोटको सडक किनारमा सञ्चालित होटलले अस्वस्थ्यकर खाना खुवाएको जन गुनासो आएपछि गैँडाकोटको कांग्रेसचोक, थुम्सीलगायत क्षेत्रका विभिन्न होटल तथा पसलमा शुक्रबार अनुगमन गरिएको थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय दमौलीको नेतृत्वमा गरिएको बजार अनुगमनका क्रममा भेटिएका म्याद गुज्रिएका अखाद्य सामग्री नष्ट गरिएको खाद्य अनुसन्धान अधिकृत ज्योति आचार्यले जानकारी दिए । केही स्थानमा भेटिएका शङ्कास्पद खाद्य पदार्थको गुणस्तर परीक्षण गर्न नमूना सङ्कलन गरिएको भन्दै उनले अनुगमनका क्रममा स्थानीय पसललाई मूल्यसुची राख्न, म्याद गुज्रिएका सामग्री बिक्री नगर्न सुझाव दिइएको बताए ।

गैँडाकोटमा सञ्चालित अधिकांश किराना पसल तथा होटलहरुमा चिसो पेय पदार्थको म्याद गुज्रिएको अवस्थाका फेला परेका आचार्यले जानकारी दिए । म्याद गुज्रिएका पेय पदार्थ भेटिएको पसलका सञ्चालकले आफूहरुलाई डिलरले झुक्याएर त्यस्ता सामग्री छाड्ने गरेको गुनासो गरेका थिए ।

मूल्यसूची तथा परलमा साइन बोर्ड नराखेको, व्यवसाय दर्ता र नवीकरण नभएको, किराना पसलमा खाद्य सामग्री र विषादी एकै स्थानमा राखिएको, सरसरफाइमा कमजोरी भेटिएको पाइएकाले व्यवसायीलाई सचेत गराइएको आचार्यले जानकारी दिए । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय दमौलीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय कावासोती, गैँडाकोट नगरपालिका उपभोक्ता हित संरक्षण समिति, इलाका प्रहरी कार्यालय गैँडाकोट र गैँडाकोटको नगर प्रहरीले संयुक्तरुपमा बजार अनुगमन गरेका हुन् ।

# 'बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउन राष्ट्रिय बालबालिका नीति'

टुडे समाचारदाता

काठमाण्डु । सरकारले बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउन 'राष्ट्रिय बालबालिका नीति, २०८०' तर्जुमा गरिएको छ ।



महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र शासकीय संरचनाको परिवर्तनसँगै बाल अधिकार र संरक्षणमा नवीनतम सवाललाई अझ बढी संवेदनशील र नतिजामुखी ढङ्गले सम्बोधन गर्नका लागि बालबालिकासम्बन्धी राष्ट्रिय नीति-२०६९ लाई पुनरावलोकन गरी राष्ट्रिय बालबालिका नीति-२०८० तर्जुमा गरेको हो ।

राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले बाल अधिकारको क्षेत्रमा प्रमुख भूमिका निर्वाह गर्दै आएको परिषद्लाई सङ्घीयताअनुरुप नीति आवश्यक रहेको बताउँदै बाल संरक्षण क्षेत्रमा क्रियाशील विभिन्न निकाय तथा गैरसरकारी क्षेत्रलाई सहज ढङ्गले परिचालन गर्न उक्त नीतिले मद्दत पुग्ने बताए । बालबालिका संरक्षणमा नवीनतम आयामको प्रयोग गर्दै स्थानीय तहका संयन्त्र सुदृढ बनाउन नीतिले सहजता प्रदान गर्ने उनको भनाइ थियो ।

नीतिले सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था, सामुदायिक संस्थालगायतका क्षेत्रमा बालमैत्री सेवा र व्यवहारको विकास गर्नका साथै बालबालिकासम्बन्धी योजना एवं कार्यक्रममा सामञ्जस्यता ल्याउन, विशेष संरक्षणको आवश्यकता भएका, हिंसा र दुर्व्यवहारमा परेका बालबालिकालाई संरक्षण सेवा प्रदान गर्नका लागि तीनै तहका संस्थागत संरचनालाई व्यवस्थित गरी बालअधिकारको संरक्षण, प्रवर्द्धन तथा संरक्षण प्रणाली सुदृढ गर्न टेवा पुऱ्याउने भएको छ ।

बाल अधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोचसहित प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने यस नीतिको लक्ष्य रहेको परिषद्का चन्दले बताए ।

बालबालिकासम्बन्धी कानुनलाई आवश्यकताअनुसार समसामयिक रुपमा परिमार्जन वा नयाँ कानुन तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने, तीनै तहका बाल अधिकार, बालसंरक्षण तथा बाल न्यायसम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारीरुपमा परिचालन गर्ने रणनीति रहेको छ ।

त्यस्तै, जोखिममा रहेका बालबालिकाको जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा पहुँच बढाउने, धर्म संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासको अन्त्य गर्ने, बालबालिकामाथि हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसार पसार तथा बेचबिखनको अन्त्य गर्न तीनै तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने, बालबालिकाको सर्वोत्तम विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्नेलगायतका रणनीति रहेका छन् ।

# 'न्याय' सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु । न्याय क्षेत्रका लागि सबैलाई उपयोगी हुने हुने पुस्तक 'न्याय' सार्वजनिक भएको छ । नेपाल निजामती कर्मचारी सङ्गठन सर्वोच्च अदालत विभागीय कार्य समितिद्वारा प्रकाशित पुस्तक 'न्याय' प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले लोकार्पण गरे । उनले कानुन र न्यायको क्षेत्रमा काम गर्ने सबैका लागि पुस्तक महत्वपूर्ण भएको भन्दै यसले पुस्तक अध्ययन गर्ने बानीको विकासमा पनि मद्दत पुग्ने बताए ।



नेपाल निजामती कर्मचारी सङ्गठनका केन्द्रीय अध्यक्ष लेखनाथ काइरालाले न्याय र कानुनका क्षेत्रमा लामो अनुभव र विज्ञता हासिल गरेका लेख भएकाले यो पुस्तक महत्वपूर्ण भएको बताए । उनले अहिलेसम्म सरकारले निजामती ऐन ल्याउन नसक्दा धेरै कर्मचारी प्रभावित भएको बताए । सर्वोच्च अदालतका न्यायाधीश टेकप्रसाद ढुङ्गाना वैदिक तथा एतिहासिक काम भएको र न्याय प्रणालीका सबै अवयव समेटिनु महत्वपूर्ण भएको बताए । उनले कानुन अध्ययन गर्नेका लागि यो पुस्तक अत्यन्तै उपयोगी हुने विश्वास व्यक्त गरे ।

महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले न्याय पुस्तक प्रकाशन गर्ने काम धेरै मेहनतले लेखिएको, अनुभव भएको र सबै न्याय क्षेत्रका व्यक्तिका लागि काम लाग्ने बताए । उनका अनुसार पुस्तक जिल्ला न्यायाधीश, सहसचिव, उपसचिव शाखा अधिकृत र अधिवक्ताको परीक्षाको पाठ्यक्रममा आधारित छ । सर्वोच्च अदालतका आठ, उच्च अदालतका १७, जिल्ला अदालतका ३२, न्यायाधीश राजपत्राङ्कित विशिष्ट श्रेणीका चार, सहसचिव, उपसचिव, वरिष्ठ अधिवक्ता तथा अधिवक्तासहितका विज्ञका एक सय तीन लेख एकीकृत गरिएको उक्त सङ्ग्रह १५९६ पेजको रहेको छ ।

सहन्यायाधिवक्ता गोविन्द खनालका अनुसार न्याय पुस्तकले ८७ लेखेका १०३ लेख रहेका छन् । लेख ४० औँ वर्ष न्याय क्षेत्रमा काम गरेका अनुभवी व्यक्तिले लेखेका उनले जानकारी दिए । न्याय सेवाप्रति आशा भरोसा राख्ने, न्याय सेवाप्रति चासो राख्ने, न्याय सेवालाई नै जीवनपद्धति बनाउँदै यसमा भविष्य खोज्ने न्यायिक जनशक्ति निर्माणका लागि पुस्तक उपयोगी हुने आयोजकको भनाइ थियो ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। छोरा छोरीमा भेदभाव किन ।।

छोरा छोरी मा भेदभाव
हाम्रो समाज ले किन गर्छ
अपराध
छोरा घुम छ आवारा जस्तो
खान्छ गाजा भाग
तै पनि गर्छ हाम्रो समाज ले
छोरी लाई नै अपमान
जब आमाको गर्भमा छोरि हुन्छ
बुवा आमा लाई टेन्सन हुन्छ
अब हाम्रो छोरी जन्मियो भने
विहेमा धेरै खर्च हुन्छ आदि
इत्यादि सोचन् थाल्छ
तर हाम्रो समाज ले यो सोचदैन
कि जुन कोख बाट छोरा हुन्छ
त्यहि कोख बाट छोरी हुन्छ जब
हामीले छोरा सरह छोरि लाई पढाए
लेखाएर सक्षम बनायो भन्ने छोरी
छोरा भन्दा कम हुदैन
जब छोरी घर बाट पढ़न जादा पनि
बुवा आमा लाई टेन्सन हुन्छ
कि छोरी पढ़न गयो केहि हुन्छ कि
अलि ढियो आयो भने बुवा आमा ले
अनेक किसिमको प्रश्न सोध छन
तर
त्यही छोरा आवारा जस्तो घुमे र
आउदा बुवा आमा लाई टेन्सन हुदैन
कारण एउटै हुन्छ छोरा मान्छे हो
केही हुदैन भन्छ र छोरी मान्छे ले
हाम्रो इज्जत फाल्छ भन्ने डर हुन्छ
जब
छोरी प्रति बुवा आमा को विश्वास
हुदैन भन्ने अरुको के विश्वास के हुन्छ
पहिला आफ्नो छोरी लाई आफु ले
विश्वास गर्नु र हेर्नु छोरा भन्दा छोरी
केहीमा कम हुदैन
आज भोलि छोरी मान्छे ले देश चलाका छन
तर छोरी प्रति बुवा आमा समाजको
आश विश्वास हुनु अति जरुरी छ
छोरी छोरा एक सामान नजर ले हेरौं
गाम समाज देश सबै बदलिन्छ



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## ।। मनको पीडा ।।

मलाई थाहा छ
खाडीको पीडा
मलाई राम्रोसँग थाहा छ
मेरो मनको स्थिति
व्याकुल बनेका धड्कनको चाल
महसुस गर्छु मेरो प्रतिक्षामा
मेरो आमा,बाबा मेरो मुटुको टुक्रा
मेरो सानो बच्चाहरू
सधैं बगाए रहेका छन् आँसु
मेरो प्रतिक्षामा , मेरो लागि
के गर्नु बाध्यता हो
नत रोजगार छ !!
नत खेतीपाती गर्नको लागि
देशमा
मल, खाध, बिउ,सिचाइ !!
पर्खनुपर्छ
जसरी
रुख,बिरुवाको उदास पात
पर्खन्छ
हावा नआउन्जेल सम्म
जसरी
पर्खन्छ
फाल्गुन महिना
कोइलीको सुरिलो अवाजो को लागी
जसरी मेरो देश
पर्खिरहेको छन्
सच्चा सपूतको लागि
त्यस्तै “म“
पर्खिन्छु तिम्रो लागि
जीवनभर““?



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका**
**सिरसिया - ६, धनुषाधाम**

## ।। एकदिन मेरो पनि फर्केर समय आउने छ ।।

एकदिन मेरो पनि फर्केर समय आउने छ ।
शुभकामना हार्दिक मंगलमय आउने छ ।।
न हास्नु न अतिथि मेरो अँध्यारो घर हेरेर ।
सुनौलो बिहानि लिएर सुर्योदय आउने छ ।।
ईश्वरको लिखित यो जीन्दगी उपन्यासमा ।
मेरो नायक पात्रको अभिनय आउने छ ।।
सफलताको सबलाई गाउनै पर्ने गजलको ।
हृदय विदारक मधुरम् सुर लय आउने छ ।।
कर्म र भाग्य बिचको नित्य भीषण युद्धमा ।
मेरो नै धैर्य र संघर्षको विजय आउने छ ।।



**लेखक :- राम 'रुद्राक्ष' मण्डल**
**ठेगाना :- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। गजल ।।

रोएरै भिज्यो रातमा यो सिरानी,
पिरैमा गयो साँझ उस्तै बिहानी ।
अचानो बनाई गयौ मेरो मन यो,
पीडा खूब तिमले दियौ दिलकी रानी ।
फसेरैछु उसको बनावटी खेलमा,
खेलौना सोची तिमले गयौ बेमानी ।
डढेलो लगायौं यो मनको कुनामा,
खडेरी छ मैले कहाँ खोजुँ पानी ।
गलत हैन 'सुमन' नजर तिम्रो दोषी,
कतिन्जेल साँच्छौं हेरौला जवानी ।



**महेश कु.राय**
**सबैला नगरपालिका-९ भठिहन बजार**

corruption को पालो छ!
किन दौड यो पैसा को छ!
अब लूटन माल सरकारी छ!
किनकी अब औद्-ए पैसा को छ!
अब तपाईं को इज्जत तपाईं को आफ्नो जिम्मेदरी मा छ!
किनकी इज्जत को शिकारी केटाहरु हुन लगेको छ!
अब फुटेको भागय मेरो छ!!



**लेखक प्रमोद महतो**

## “उपहार जीवन”

जिन्दगीको हरेक उपहार स्विकार छ, आफ्नो चाहनाको नाम बताउन छोडेको छु।
जो मुटुको नजिक हुन्छ। उहाँ मेरो प्यारो हुनुहुन्छ, मैले अरूमाथि अधिकार दावी गर्न छोडेको छु।
मेरो पीडा बुझ्न नसक्नेहरूलाई मैले मेरो घाउ देखाउन छोडेको छु।
मेरो मनबाट गुज्रने भावना नै मेरो सत्य हो, देखाउनको लागि मात्र हाँस्न छोडेको छु ।
मैले मेरो आवश्यकता महसुस नगर्नेहरूलाई समर्थन गर्न छोडेको छु।
जो मसँग रिसाउन चाहन्छन्, मैले बारम्बार सम्झाउने कोसिस गर्न छोडेको छु।
पक्कै पाउनेछु जो मेरा छन्, अनावश्यक प्रतिबन्ध लगाउन छोडेको छु ।।



**यू.बि. सँजय कुमार यादव (सँजु)**
**राजर्षि जनक क्याम्पस** (BBS 3rd year)
**ठेगाना: मुखियापट्टी मुसहर्निया गा.पा. - ५ (लवटोली)**

## स्वार्थि संसार

कोही छ शिक्षक
त कोहि छ विद्यार्थी
कोहि छ धोकेबाज
त कोही छन् स्वार्थि
दिएर धोका भन्छन्
छु ,मो तिम्रो साथ
आरुको कुरा के भनु
महोदय, यहाँ आफ्नो ले नै
गर्ने गर्छन विस्वास घात
कोहि छ टाढा त
कोहि छ साथ
यो स्वार्थि संसारमा
मलाई छैन् कसै माथि विस्वास
कोहिले नियौं कोज्दा मो
त गर्ने गर्छु आर कि पार
यो स्वार्थि संसारको मलाई मतलब
छैन् किनकि छुटै छ मेरो संसार



**लेखक रोहन भुजेल**
**जनकपुरधाम - ४**



# ‘पिताम्बर’मा एक्सन अवतारमा देखिँदै प्रदीप

काठमाण्डु । अभिनेता प्रदीप खड्काको ‘पाइपलाइन’मा फिल्म थपिने क्रम जारी छ । उनी यही माघबाट फिल्म ‘पूजार सार्की’को छायांकनमा जोडिँदैछन् । त्यसपछि उनले आगामी वर्षका लागि ‘ऐरी’ र ‘एक्टर’मा काम गर्ने निश्चित भैसकेको छ । अब उनले कृषा चौलागाईंको निर्देशन रहने नयाँ फिल्म ‘पिताम्बर’मा पनि काम गर्ने भएका छन् । आइतबार कृषा र प्रदीपबीच कागजी सम्झौताको तयारी छ ।

प्रदीप फिल्मको कथा सुन्ने वितिक्कै सकारात्मक देखिएका थिए । तर, उनी आफ्नो क्यारेक्टरलाई लिएर आफैं विश्वस्त हुन सकेका थिएनन् । निर्देशक चौलागाईंले त्यो क्यारेक्टरमा उतार्न सक्ने विश्वास दिलाएपछि मात्र उनी फिल्ममा काम गर्ने निर्णयमा पुगेको स्रोतको दाबी छ । फिल्ममा उनी एक्सन भूमिकामा देखिने जानकारी प्राप्त छ । त्यसका लागि उनले शरीर कसिलो बनाउनुपर्नेछ ।

फिल्मको यही माघ अन्तिमबाट तराईमा एक हप्तासम्म पहिलो चरणको छायांकन गरिँदैछ । त्यसबेला प्रदीप भने ‘पूजार सार्की’को छायांकनमा हुनेछन् । निकट स्रोतका अनुसार, ‘पिताम्बर’को पहिलो चरणको छायांकनमा प्रदीपको सिन छैन । अभिनेता कामेश्वर चौरासिया र बाल कलाकारको मात्र छायांकनको तयारी छ । फागुनपछि हुने दोस्रो चरणको छायांकनमा मात्र प्रदीप जोडिनेछन् ।

केही दिनदेखि निर्देशक चौलागाईं तराईका विभिन्न ठाउँमा फिल्मका लागि ‘लोकेशन’ हेरिरहेकी छन् । केही दृश्य हुस्सुमा खिच्नुपर्ने भएकाले उनलाई हतारो छ । उनी काठमाडौं फर्किएपछि कलाकारसँग सम्झौता गरेर छायांकन सुरु गर्ने तयारीमा छिन् । फिल्ममा अहिलेकी एक चल्तीकी अभिनेत्री पनि अनुबन्धित भइसकेको स्रोतको दाबी छ । फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गर्नेछन् । फिल्मीखबर

# ‘जिग्री’ टिजरमा पैसाको चक्कर




काठमाण्डु । आगामी फागुन ४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म ‘जिग्री’को कमेडीयुक्त टिजर सार्वजनिक गरिएको छ । एक मिनेट लम्बाईको टिजर पैसाले उत्पन्न गराएको उल्झनमा केन्द्रित छ । एक समुहबाट बच्नका लागि दुई युवाले गरेको संघर्षलाई ट्रेलरमा रोचक ढंगले देखाइएको छ ।

अभयराज बराल र आकाश मगरको मुख्य भूमिका रहेको फिल्मलाई आकाश स्वयंले निर्देशन गरेका हुन् । फिल्ममा सुप्रिया राना, रोशन सुवेदी, जीवन बराल, वासुदेव खनाल, नवीन लम्साल, केदार श्रेष्ठ, दिवाकर घिमिरे, सुशीला लक्ष्मी महर्जन, मनिष व्याञ्जु, स्नेहा रसाइली, अर्जुन पौडेल, शंकर भण्डारी लगायतको पनि अभिनय छ ।


सुस्केरा आर्ट्सले लोकल सिनेमासँग सहकार्य गरेको निर्माण गरेको फिल्मका कार्यकारी निर्माता कुसुम थापा मगर र निर्माता कुमार श्रेष्ठ हुन् । फिल्ममा सुमित भट्ट र सोमित माझीको छायांकन, सरुन मानन्धरको सम्पादन र कलर, किशोर आचार्यको ध्वनि तथा सुवास पौडेल र भास्कर स्वाँरको संगीत छ ।

फिल्मले ठूलो महत्वकांक्षा बोकेर काठमाडौं आएका फरक व्यवहार र स्वभावका दुई युवाको कथा बोलेको छ । उनीहरुले महंगी र अभावमा पिल्सँदै काठमाडौंमा गरेको संघर्ष फिल्मको मुख्य कथा रहेको निर्देशक मगर बताउँछन् । सुस्केरा आर्ट्सले फिल्मको वितरण गर्दैछ । फिल्मीखबर

# सौगातले नभ्याएपछि ‘रङ्गेली’मा आर्यनको केमियो

काठमाण्डु । मल्टीस्टारर फिल्म ‘रङ्गेली’ आगामी फागुन २५ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउने तयारीमा छ । टिजर र पोस्टर सार्वजनिक भैसकेको फिल्मको केही प्रतिशत छायांकन भने अभिनेता सौगात मल्लको पखाईमा रोकिएको थियो । उनी काम गर्न सकारात्मक पनि थिए । तर, माघ २६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘हात्तीछाप’को प्रचारका कारण उनले फिल्मलाई समय दिन सकेनन् ।

सौगातले नभ्याएपछि उनको ठाउँमा निर्माण टिमले अभिनेता आर्यन सिग्देललाई भित्रिएको छ । अघिल्लो हप्ता काठमाडौंमा उनको भागको छायांकन पनि भैसकेको छ । फिल्ममा उनको भूमिकाबारे कुनै जानकारी प्राप्त भएको छैन । यद्यपि, फिल्म ग्याङस्टार जनरामा निर्माण भएकाले आर्यनको भूमिका पनि ग्याङस्टार हुनसक्ने आँकलन गरिएको छ ।




फिल्ममा आर्यनको केमियो मात्र छ ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशन रहेको ‘रङ्गेली’मा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी लगायतको प्रमुख भूमिका छ । बलियो ‘स्टारकास्ट’का कारण फिल्मले घरेलू बक्स अफिसमा सुखद् अंक जोड्ने प्रक्षेपण गरिएको छ । फिल्मका कार्यकारी निर्मातामा जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा छन् । सुशन प्रजापतिले फिल्मको छायांकन गरेका हुन् ।

आर्यनको कामको कुरा गर्दा उनी यही माघबाट दिनेश राउतको निर्देशनमा बन्न लागेको फिल्म ‘पूजार सार्की’को छायांकनमा व्यस्त हुँदैछन् । अर्को वर्ष निर्देशक राउतको अर्को फिल्म ‘गाउँ नै रमाइलो’मा पनि उनी काम गर्ने तयारीमा छन् । उनको पाइपलाइनमा अरु दुई फिल्म ‘दौंतरी’ र ‘सञ्जीवनी’ पनि छ । तर, केही वर्षयता फिल्मको श्रृंखलाबद्ध असफलताले उनको करिअर संकटमा छ । फिल्मीखबर

# विश्व शान्तिका लागि संवादमा जोड : प्रधानमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्व शान्तिका लागि द्वन्द्वरत पक्षबीच संवाद हुनुपर्नेमा जोड दिनुभएको छ । संयुक्त राष्ट्र सङ्घको निःशस्त्रीकरण मामिलासम्बन्धी उच्चस्तरीय प्रतिनिधिमण्डलसँगको भेटका क्रममा उनले नेपाल सदैव विश्व शान्तिको पक्षमा रहेको बताए ।

निःशस्त्रीकरण मामिलासम्बन्धी संयुक्त राष्ट्र सङ्घको निकाय युएनओडिएका तर्फबाट उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएकी मिस इजुमी नाकामित्सुसहितको टोलीसँगको छलफलमा प्रधानमन्त्री प्रचण्डले नेपालको शान्ति प्रक्रियाको उदाहरणीय रहेको बताए । उनले विश्व शान्तिका लागि संवाद मात्रै एकमात्र विकल्प भएकामा जोड दिए ।

"नेपालको ऐतिहासिक शान्ति प्रक्रिया विश्वका मुलुकका लागि उदाहरण बनेको छ", उनले भने, "अहिले विश्वका कैयन् क्षेत्र अत्यन्तै संवेदनशील अवस्थामा छन् । रुस-युक्रेन युद्ध, इजरायल-हमास द्वन्द्वलगायत घटनाले विश्व शान्तिमा चुनौती थपेका छन् तर हामी वार्ता र संवादका माध्यमबाट समाधान खोज्नुपर्नेमा जोड दिन चाहन्छौँ ।"

प्रधानमन्त्री दाहालले बुद्ध जन्मेको भूमि र शान्तिप्रिय देश नेपालले विश्वमा शान्ति स्थापनाका लागि विभिन्न अन्तर र्राष्ट्रिय मञ्चमा उल्लेख्य भूमिका खेल्दै आएको समेत स्मरण गराए । उनले संयुक्त राष्ट्र सङ्घको महासभामा अति कम विकसित देशहरुको नेतृत्वकर्ताको हैसियतले खेलेको भूमिकाबारे समेत चर्चा गर्दै शान्ति स्थापनाका लागि संयुक्त राष्ट्र सङ्घका प्रयासमा सदैव साथ दिने र नेपालले विश्व शान्तिका लागि नेतृत्वदायी भूमिका खेल्ने बताए ।"विश्व शान्ति तथा निःशस्त्रीकरणका पक्षमा संयुक्त राष्ट्र सङ्घले खेलेको भूमिका प्रशंसनीय छ", उनले भने, "हामी संयुक्त राष्ट्र सङ्घका हरेक कदममा साथ छौँ र भविष्यमा पनि साथ रहने प्रतिबद्धता व्यक्त गर्दछौँ ।"

छलफलमा इजुमी नाकामित्सुले निःशस्त्रीकरण मामिलाको दक्षिण एसियाली केन्द्रको कार्यालय नेपालमा स्थापना गरिएको र नेपाल दक्षिण एसियाली क्षेत्रमा शान्ति केन्द्र बन्ने अपेक्षा राखेको बताए । "परमाणु हतियारले सुसज्जित छिमेकीका बीचमा नेपाल शान्ति केन्द्र बन्ने अपेक्षा राखेर केन्द्रको स्थापना गरिएको हो", उनले भने, "नेपालले विगतमा झैँ क्षेत्रीय र वैश्विक शान्तिका पक्षमा आफ्नो भूमिका प्रभावकारी खेल्ने अपेक्षा रहेको छ ।"

सो अवसरमा इजुमीले शान्ति मिसनमा दोस्रो योगदानकर्ता राष्ट्रका रुपमा नेपालले खेलेको भूमिकाको समेत प्रशंसा गरे । छलफलमा संयुक्त राष्ट्र सङ्घको नेपालस्थित आवासीय प्रतिनिधि हाना सिङ्गर, प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार रुपक सापकोटा, परराष्ट्र मन्त्रालयका अधिकारीलगायतको उपस्थिति थियो ।

# 'बिजनेस' नदिएकै कारण कानुन निर्माणमा ढिलाइ भएको छ'

काठमाण्डु । सङ्घीय सांसदको मुख्य काम र कर्तव्य भनेको ऐन/कानुन निर्माणको जिम्मेवारीसँगै जनजीविकाका सवालमा बेलाबखत देखिने गारोसाँघुरो हटाउँदै समृद्धिका लागि आवाज उठाउने रहेको छ । संविधानसभामार्फत संविधान जारी भई मुलुक सङ्घीयतामा प्रवेश गरेपछि प्राप्त उपलब्धिको रक्षाका लागि तीन तहका सरकारले यसबीचमा जुन ढङ्गबाट तीव्ररुपमा आवश्यक कानुन बनाउनपर्थ्यो, त्यो हुन सकेन । पछिल्लो एक वर्षमा पनि त्यति प्रभावकारीरुपमा कानुन निर्माण भएनन् । विगतमा कोभिड सङ्क्रमणका कारण जनजीविकाका अन्य काममा पनि बढी क्रियाशील हुनुपर्‍यो ।

कानुन निर्माणका हिसाबले गएको एक वर्षको समय त्यतिकै खेर फालियो । कानुन बनाउने जिम्मेवारी व्यवस्थापिकाको भए पनि बिजनेस दिने काम सरकारको हुन्छ । कानुन कस्तो बनाउने भनेर सरकारले विभिन्न चरणमा छलफल चलाएरमात्र विधेयक सदनमा ल्याउँछ । सरकारले संसद्लाई बिजनेस नै नदिएर अड्काएपछि हामी सांसदले कति पटक विधेयक ल्याउनुस् भनिरहनु ?

कतिपय विषयगत समितिका बैठक गणपूरक सत्त्या नपुगेर स्थगित हुन पुगेको मैले पनि सुनेको छु। अधिवेशन चलेका बेला बिहान समितिका बैठक र दिउँसो सदन चलाउने हो भने गणपूरक सत्त्याको चुनौती देखिन्न । सांसद भनेका कानुन निर्माता र विकास निर्माणका अभियन्ता पनि हुन् । सांसदसँग विकास निर्माणको मुख्य जिम्मेवारी छ भन्ने आममतदाताको बुझाइ छ ।

प्रतिनिधिसभामा काठमाडौँ निर्वाचन क्षेत्र नं १० बाट म प्रतिनिधित्व गर्दै आएको छु । मतदाताले अहिलेसम्म कस्तो संविधान र कानुन बन्यो भनेर सामान्यतया प्रश्न गर्नुहुन्न । बरु उहाँहरु धारा, अस्पताल, सडक, खानेपानीका योजना माग्नुहुन्छ । अधिवेशन चलेको समयबाहेक जनप्रतिनिधि निर्वाचन क्षेत्र र जिल्लामा जाने भएकाले परिस्थितिजन्य कारणबाट समिति बैठकमा उपस्थिति हुन नसक्नु भएको हुनुपर्छ । आगामी दिनमा समितिलाई संसद् अधिवेशन र समितिका बैठकबीच तालमेल गरी जोडेर लैजानुपर्छ ।

नेपाली कांग्रेस मुलुकको पुरानो, जिम्मेवार र ठूलो प्रजातान्त्रिक दल भएका कारण सत्तापक्षमा रहँदा होस् वा प्रतिपक्षमा कहिल्यै सडकजाम गर्ने, सदन अबरोध गर्नेजस्ता कार्य गरेन । विगतमा पनि कांग्रेसले पाँच वर्ष प्रतिपक्षमा रहने जनताको अभिमतको सम्मान गरेकै थियो । नेकपाको आन्तरिक कारणबाट पार्टी विभाजित भएपछि कांग्रेसको नेतृत्वमा चुनावी सरकार गठन भएको थियो । निर्वाचनलगत्तै लोकतान्त्रिक वामगठबन्धन कि कम्युनिष्ट वामगठबन्धनको सरकार बनाउने भन्नेमा हालका प्रधानमन्त्रीलाई दुवै पक्षको समर्थन हुन पुग्यो । चुनावको जनभावना लोकतान्त्रिक वामगठबन्धनबीचको सरकार पाँच वर्षसम्म कायम रही विकास निर्माणलाई गति प्रदान गर्दै राजनीतिक स्थिरिता दिनुपर्छ भन्नेछ । सोहीअनुसारको सरकार गठन भई अघि बढिरहेको छ । अर्को पक्षले त्यसलाई आत्मसात् गर्न नसकेका कारण सदनमा बेलामौकामा विभिन्नखाले गत्यावरोध देखिँदै आएको छ । सदनमा जनभावनाविपरीत देखिने यस्ता कार्य रोक्न दल र जनप्रतिनिधि स्वयं सच्चिन आवश्यक छ ।

जनताद्वारा निर्वाचित भई 'माननीय' रहेको अवस्थामा आफ्नो भूमिका, कर्तव्य, संस्कारका साथै प्रयोग गरिने भाषालाई स्वयंले पनि हेक्का राख्नुपर्छ । भोलिको पिँढीलाई असल संस्कार दिन हामी स्वयं जिम्मेवार हुनुपर्छ ।

विभिन्न राजनीतिक व्यवस्था परिवर्तन भए पनि जनताको चाहना भनेको भ्रष्टाचार अन्त्य, सुशासन कायमसँगै राज्यबाट प्राप्त हुने सेवासुविधा सुलभ र सहज होस् भन्नेछ । तर यहाँ मैले दुःखका साथ भन्नैपर्ने हुन्छ, हामीले त्यो दिन सकेनौँ । यो अवस्थामा कतै संविधान निर्माण प्रक्रिया नै गलत भयो कि भनेर पनि सोच्छु ।

सङ्घीयता नै सबै विकृतिको जड हो भन्ने पक्षमा म छैन । समयमै ऐन, कानुन दिएर सहजीकरण गर्नपर्ने थियो, त्यो हुन सकेको छैन । समग्रतामा प्रत्यक्ष ६० र समानुपातिक ४० को चुनावी अभ्यास छ, त्यो पद्धतिले चुनौती खडा गरिरहेको त छैन भन्ने प्रश्न उठेको छ । राजनीतिक स्थिरता नभई विकास र समृद्धि हासिल गर्न सकिन्न । अहिलेको संविधान र निर्वाचन प्रणालीअनुसार, कुनै दल विशेषको बहुमतको कल्पना पनि गर्न सकिन्न । बहुमत नआउँदा दशतिर फर्केको, विभिन्न विचारधारा बोकेका शक्तिसँग मिलेर सरकार बनाउँदा त्यहाँ विभिन्न छिद्र देखिने र अस्थिरता निम्त्याउँदा भ्रष्टाचार नियन्त्रण र सुशासनको पाटोमा कमजोरी हुन पुग्यो भन्ने एउटा कारणजस्तो लाग्छ ।

अहिले सुशासनको सवालमा गिर्दो अवस्थामा छौँ । सेवासुविधा प्राप्त गर्ने सामान्य जनताले निकै सङ्घर्ष गर्नुपरेको छ । यस्तो अवस्थामा ऐन कानुन दिएर प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाउन सकेको भए सेवाप्रवाहमा जनतालाई सुविधा प्राप्त हुनसक्थ्यो । अनि भ्रष्टाचार अन्त्य हुन सहयोग पुग्थ्यो ।

अहिलेका युवा सामाजिक सञ्जाल र प्रविधिमैत्री भएकाले उनीहरुलाई संसारको विकासका गति र अवसरलाई नजिकबाट नियाल्ने मौका मिलेको छ । मुलुकमा विकासको गति नदेखेपछि अवसरको खोजी गर्दै त्यो प्राप्तिका लागि विदेश पलायन हुन बाध्य भएका हुन् । अर्कातर्फ राजनीतिक नेताले मुलुकलाई ठीक दिशातर्फ हाँक्न नसेकेको उनीहरुले अनुभूति गरेको हुनुपर्छ । अरुको मुलुकलाई देखाएर र हेरेर नभई देश विकासको ढाँचा आफ्नै किसिमले गर्नुपर्र्छ । संसारमा कतिपय यस्ता देश छन् जो माछा मात्रै बेचेर समृद्ध भएका छन् ।

त्यस्ता मुलुकको तुलनामा नेपालमा पर्यटन, जलस्रोत, कृषिजस्ता अथाह प्राकृतिक स्रोतसाधन र सम्भावना छ । कृषिमा जोड दिने भनिए पनि उपकरण अभाव छ, पर्यटन क्षेत्रमा पनि सेवासुविधा कमजोर छ । विद्युत् मात्रै उत्पादन गरी बिक्री गरियो भने हामीलाई पुग्छ । उपलब्ध स्रोतसाधनको प्रयोग र समृद्धमा जाने स्पष्ट दृष्टिकोण अघि बढाएर युवाको विदेश पलायन रोक्न पर्छ । पैदलयात्राबाट १० घन्टामा हिँडेर पुगिने ठाउँमा मोटर चढ्दा पनि त्यतिकै समय लाग्ने बाध्यता छ । सरकार निर्मम भएर आफ्नो स्रोतसाधनको अधिकतम उपयोग गर्ने हिम्मतिलो कार्ययोजना ल्याउन आवश्यक छ । नत्र मुलक प्रगति पथमा अघि बढ्न कठिन छ । देश विकासको स्पष्ट दृष्टिकोण भएन भने ऋण लिएर बनाइएको पोखरा विमानस्थल जस्तो हुन जान्छ । त्यहाँबाट उडानहरु हुन सकेका छैनन्, सावा र ऋणको बोझ भने बढेको बढेकै छ । आयोजनाका लागि ऋण लिने सन्दर्भमा तिर्ने सुनिश्चितता हुनुपर्छ । यसमा सरकार निर्मम हुन जरुरी छ ।

नेपालमा गुणस्तरीय पढाइ नभएर होइन, गुणस्तरीय शिक्षा र अवसर पाइरहेका पनि विदेश गएका छन् । उनीहरुमा भोलि भविष्य छैन कि भन्ने अनुमान देखिन्छ । त्यो मुलुकका लागि दुर्भाग्यको हो । संसारको इतिहास अध्ययन गर्दा मुलुक बनाउन स्पष्ट दृष्टिकोणसहितको दूरदर्शी राष्ट्रिय नेता आवश्यक पर्दोरहेछ । त्यो नेता नेपाली आमाले हालसम्म जन्माउन सक्नुभएको रहेनछ जस्तो लाग्छ । राष्ट्रमा उथलपुथल गर्दै ठीक ढङ्गले अघि बढाउनसक्ने नेता अहिले हामीलाई आवश्यक छ । सानो टालटुलबाट अब हुन्न । निजी स्वार्थरहित राष्ट्र निर्माणमा योगदान दिने पृथ्वीनारायण शाहजस्तो नेता आवश्यक छ, मैले त्यो कल्पना गर्छु ।

अब हामीले उत्पादनलाई श्रमसँग जोड्नुपर्छ । सरकारले निर्मम भएर एउटा कार्यक्रम ल्याउनुपर्छ । देश बाँझो राख्न हुन्न । उत्पादन र सेवा क्षेत्रको सुधार र विकासमा लगानी बढाउनुपर्छ । मुलुकमा उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोगबाट मात्र विकास सम्भव छ । आमजनतालाई म यही आह्वान गर्न चाहन्छु विदेश पलायन भएर होइन, यहाँ बसेर मात्र देश बनाउन सकिन्छ, नेपाल र नेपालीको भविष्य सुन्दर छ ।



**सांसद केसीको परिचय**

विसं २०४९ मा नेपाली कांग्रेसका तर्फबाट कीर्तिपुर नगरपालिकाको वडाध्यक्षमा निर्वाचित केसी विसं २०५४ मा नगर सदस्य, जिल्लासभा सदस्य, क्षेत्रीय सभापति, महासमिति सभापति तथा विसं २०६४ र २०७० मा संविधानसभा सदस्य हुनुभयो ।

प्रतिनिधिसभा सदस्यमा विसं २०७४ र २०७९ मा निर्वाचित उहाँ केही समय खेलकुदमन्त्री हुनुभयो । नेपाली राजनीति वृत्तमा शालीन र बौद्धिक व्यक्तित्वको छवि बनाउनुभएका नेता केसी हाल संसद्को सार्वजनिक लेखा समितिका सदस्य हुनुहुन्छ ।रासस

# देशको विकास गर्न सकिने मन्त्री शर्माको भनाइ



**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना र प्रविधिको उचित प्रयोगमार्फत मुलुकको विकास गर्न सकिने बताएकी छन् ।

पुलचोक इन्जिनियरिङ क्याम्पसमा शुक्रबारदेखि सुरु भएको २०औँ राष्ट्रिय प्राविधिक महोत्सवको उद्घाटन गर्दै मन्त्री शर्माले सूचना र प्रविधिको तीव्र गतिमा विकास भइरहेको हुँदा त्यसको प्रयोग मुलुकको विकासमा लगाउनुपर्नेमा जोड दिईन् ।

"साइबर सुरक्षा नीति २०८० पारित भएको छ, सूचना र प्रविधिको क्षेत्रमा कतिपय कानुन छैनन", मन्त्री शर्माले भने, "सरकारले सूचना र प्रविधिको क्षेत्रमा आवश्यक कानुन बनाउने छ, सूचना प्रविधिको विकासले देशलाई आत्मनिर्भर बनाउनुपर्छ ।" मन्त्री शर्माले गुणात्मक शिक्षा र प्रविधिसम्बन्धी शिक्षाका लागि सरकारले सदा सहयोग गर्ने जानकारी दिँदै नेपाल सरकार प्राविधिक क्षेत्रमा जनशक्ति उत्पादन गर्ने विषयमा समेतको लागिरहेको स्पष्ट पारिन् ।

इन्जिनियरिङ क्षेत्रमा यो क्याम्पस आफैँमा 'ब्रान्ड' भएकाले विश्वमा विज्ञता हासिल गरेपछि देशको विकासमा ध्यान दिन उनको आग्रह थियो ।त्रिभुवन विश्वविद्यालयका उपकुलपति शिवलाल भुसालले पढ्ने मात्रै नभएर सीपमा ढाल्ने अन्तर र्राष्ट्रियस्तरमै अभियान चलेको र विद्यार्थीले आफैँले प्राविधिक प्रदर्शनी गर्नु महत्वपूर्ण भएको बताए । उनले प्रविधिको विकासमा लागि र त्यसको प्रयोग महत्वपूर्ण रहेको स्पष्ट पारिन् ।

इन्जिनियर क्याम्पसका डिन शशिधरराम जोशीले इन्जिनियरिङ अध्ययन गर्ने उत्कृष्ट संस्था भएको र राष्ट्रियस्तरमा मात्रै नभइ अन्तर्राष्ट्रियस्तरमा पनि प्रतिस्पर्धा गर्न सक्ने भएको बताईन् । क्याम्पस प्रमुख डा इन्द्रप्रसाद आचार्यले क्याम्पसले प्रदर्शनी तीन दिनसम्म प्रदर्शनी चल्ने जानकारी दिए । प्रदर्शनीमा सूचना प्रविधिको माध्यमबाट पर्यटन, कृषि, स्वास्थ, नयाँ सूचना प्रविधिसम्बन्धी सामग्री राखिएका छन् ।

# 'भन्सार प्रशासनलाई मजबुत बनाउन डिजिटलाइजेशनलाई सुदृढ बनाउनुपर्ने'

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले भन्सार प्रशासनलाई मजबुत बनाउन डिजिटलाइजेशनलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् ।

शुक्रबार ७२औँ अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा यहाँ आयोजित एक कार्यक्रममा मन्त्री डा महतले विभिन्न प्रविधि, अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासको प्रयोग गर्दै अत्याधुनिक भन्सार प्रशासन निर्माणतर्फ सबैको पहल आवश्यक रहेको औँल्याएका हुन् । "समग्र भन्सार प्रशासनलाई सुदृढ बनाई राजस्वको लक्ष्य हासिल व्यवसायको यथार्थ मूल्याङ्कनका आधारमा करको दायरमा ल्याउनुपर्छ । भन्सार क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गरी अत्याधुनिक भन्सार प्रशासन निर्माणतर्फ केन्द्रित हुन आवश्यक छ", मन्त्री महतले भने ।

मन्त्री महतले भन्सार क्षेत्रलाई प्रभावकारी बनाउन भन्सार प्रशासन नयाँ प्रविधि प्रयोग गर्न उत्सुक हुनुपर्नेमा जोड दिए । "भन्सार क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गर्नेमा भन्सार प्रशासन उत्सुक नभएको पाइएको छ । त्यो प्रवृत्ति त्याग्नुपर्छ । मुख्य नाकामा प्रविधिको प्रयोग बढाउनुपर्छ ।" उनले अर्थतन्त्रलाई थप चलायमान बनाउन राजस्व प्रशासनलाई चुस्त बनाउन आवश्यक रहेकोमा जोड दिए । समयसापेक्ष नविनतम प्रविधिको प्रयोग गरी सदाचारिता




र पारदर्शिता कायम गर्नु आवश्यक रहेको उनको भनाइ थियो ।

भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेलले भन्सार क्षेत्रमा व्यावसायिक तथा प्रशासन इमान्दारिता आवश्यक रहेकोमा जोड दिए । साथै भन्सार प्रक्रियालाई अन्तर्राष्ट्रिय असल अभ्याससँग सामञ्जस्यता मिलाउन, भन्सार पूर्वाधारलाई सुधार गर्ने, पेपरलेस, फेसलेस र कन्ट्याकलेस कार्यप्रणाली अवलम्बनका लागि भन्सार तयार रहेको उनको भनाइ थियो ।

अर्थ मन्त्रालयका राजस्व सचिव डा रामप्रसाद घिमिरेले भन्सार प्रशासन राजस्व सङ्कलन गर्ने सामग्री मात्र नभई आन्तरिक तथा वैदेशिक व्यापारलाई मर्यादित एवं व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने माध्यम भएको बताए । उनले अन्तर्राष्ट्रिय असल अभ्यासलाई अनुशरण गर्दै भन्सार प्रशासनमा थप सुधारको खाँचो औल्याए । मन्त्रालयका अर्थसचिव डा कृष्णहरि पुष्करले मन्त्रालयले भन्सार प्रशासनको लगानीलाई प्राथमिकतामा राखेको बताए । साथै उनले निजी क्षेत्रको सहकार्यमा विभागले सुधार गर्दै आएको पनि उल्लेख गरे ।

विभागका पूर्वमहानिर्देशक टङ्कमणि शर्माले अन्तर्राष्ट्रिय सीमामा राज्य खडा हुने पहिलो स्थान भन्सार रहेकाले थप व्यवस्थित, नियमनसँगै सम्मानित र मर्यादित हुन आवश्यक रहेको औँल्याए । विभागका पूर्वमहानिर्देशक कृष्णहरि बास्कोटाले भन्सार प्रशासन निजी क्षेत्र मैत्री हुन आवश्यक रहेकोमा जोड दिँदै मुलुकभित्र प्रचुर सम्भावना भएको कृषि, जलविद्युत्, पर्यटनलगायतका आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी मुलुकलाई आर्थिकरुपमा समुन्नत तुल्याउन आवश्यक रहेको जनाए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले भन्सार प्रशासनमा थप सुदृढीकरण गर्न समयसापेक्षअनुरुप समन्वयात्मक ढङ्गले अग्रसर हुनुपर्ने र सरकारी सेवा समयबद्ध रुपमा प्रवाह हुन आवश्यक रहेको औँल्याउनुभयो ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले भन्सार प्रशासनको सुधार तथा आधुनिकीकरणमा प्रतिबद्ध रही चोरी पैठारी नियन्त्रण गर्न कडाइका साथ कारबाहीको दायरामा ल्याउन आवश्यक रहेको बताए । दिवसका अवसरमा अर्थमन्त्री डा महतले विद्युतीय हस्ताक्षरको शुभारम्भ, भन्सार सङ्ग्रहालय उद्घाटन, 'भन्सार स्मारिक' पुस्तक विमोचन गरेका छन् । सोही अवसरमा विभागका पूर्वमहानिर्देशक शर्मालाई कदरपत्र प्रदान गरियो ।

सोही अवसरमा अर्थ, राजस्व तथा व्यवस्थापन क्षेत्रमा कलम चलाई पुऱ्याएको योगदानस्वरुप सेतोपार्टी डटकमका सञ्चारकर्मी भागवत भट्टराई, विभागका सर्वोत्कृष्ट कर्मचारीका रुपमा कम्प्युटर इन्जिनियर मोहमद रहीम अन्सारीलाई नगद रु १५ हजारसहित पुरस्कृत गरिएको छ । विभागले २५ उत्कृष्ट कर्मचारी, आठ एजेन्टलाई पनि सम्मानित गरेको छ ।

# राष्ट्रपति पौडेलसमक्ष गोर्खा विग्रेडको प्रतिवेदन प्रस्तुत



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष संयुक्त अधिराज्य बेलायती सेनाका रथी तथा गोर्खा विग्रेडका कर्णेल कमान्डेन्ट रिचार्ड वार्डलो ओ.वि.ई. सहितको टोलीले गोर्खा विग्रेडको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छ ।

सो अवसरमा राष्ट्रपति पौडेलले विश्वमा शान्ति, स्थिरता र स्वतन्त्रता कायम गर्नु नेपाल र बेलायतको साझा उद्देश्य भएको बताउँदै यसमा एकले अर्कालाई सहयोग गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको सचिवालयले जनाएको छ ।

उनले गोर्खा रेजिमेन्ट नेपाल र बेलायतको सम्बन्धको सेतु भएको बताउँदै पूर्वब्रिटिस गोर्खाका गुनासा सम्बोधनका लागि कूटनीति तहमा भइरहेको छलफलमा संयुक्त अधिराज्य बेलायतले उदारता र सद्भावबाट चाँडै टुङ्गोमा पुऱ्याउने विश्वास व्यक्त गरे ।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको मुद्दा विश्वको प्रमुख चिन्ताको विषय बनेकाले यसमा मिलेर काम गर्नुपर्ने बताए । वार्डलोले प्रतिवेदन पेस गर्दै गोरखाली सेनाको व्यावसायिकता, समर्पण र क्षमतालाई बेलायतले मात्र संसारले सम्मान र प्रशंसा गरेको उल्लेख गर्दै बेलायती गोर्खाहरू यो संसार जबसम्म रहनेछन् तबसम्म सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको एउटा उत्कृष्ट राजदूतका रूपमा काम गरिरहने विश्वास व्यक्त गरे ।

प्रतिवेदनमा सन् २०२३ लाई फर्केर हेर्दा विग्रेड अफ गोर्खाजले विश्वलाई सुरक्षित स्थान बनाउन आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेको तथा अन्तर्राष्ट्रिय अनिश्चितताका बाबजुद पनि गोर्खाहरूको प्रतिष्ठा र प्रभावकारिता कायम रहेको उल्लेख गरिएको छ । सो अवसरमा बेलायती राजदूत रोब फेनको पनि उपस्थिति रहेको थियो ।

# चीनका कूटनीतिज्ञ र अमेरिकी सुरक्षा सल्लाहकारबीच भेटवार्ता हुने

**एएफपी**

बैङ्कक । चीनका उच्च कूटनीतिज्ञ वाङ यीले र अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानबीच शुक्रबार थाइल्याण्डमा भेटवार्ता हुनेभएको छ ।

बेइजिङ र वासिङ्टनबीच हालैका वर्षहरूमा प्रविधि, व्यापारदेखि मानव अधिकारका बिषयका साथै ताइवान र साउथ चाइना सीका बिषयमा प्रतिस्पर्धात्मक दाबीका मुद्दाहरूमा टकराव भएको छ ।

दशकौँ यताको सबैभन्दा खराब सम्बन्ध सुधारका लागि राष्ट्रपति जो बाइडेनले गत नोभेम्बरमा सान फ्रान्सिस्कोमा चिनियाँ समकक्षी सी चिनपिङसँग भेटवार्ता गर्नुभएको थियो ।“चीन र संयुक्त राज्य अमेरिकाको सहमतिअनुसार वाङ यीले संयुक्त राज्य अमेरिकाका राष्ट्रिय सुरक्षा सल्लाहकार सुलिभानसँग बैंककमा नयाँ चरणको बैठक गर्नुहुनेछ,” बेइजिङको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

अमेरिकाले शुक्रबार र शनिबार वार्ता हुने जनाएको छ ।ह्वाइट हाउसले भनेको छ, “यो बैठकले राष्ट्रपति बाइडेन र राष्ट्रपति सीबीच नोभेम्बर २०२३ मा हुने वुडसाइड शिखर सम्मेलनमा रणनीतिक सञ्चार कायम राख्न र जिम्मेवारीपूर्वक सम्बन्ध व्यवस्थापन गर्ने दुवै पक्षको प्रतिबद्धतालाई निरन्तरता दिएको छ ।”

शुक्रबार सुलिभानले थाइल्याण्डका प्रधानमन्त्री श्रेता थाभिसिन र अन्य उच्च अधिकारीसँग बैङ्कमा भेटवार्ता गर्नुभएको थियो । ह्वाइट हाउसका अनुसार उनीहरूले बर्माको बिग्रँदो सङ्कटलाई सम्बोधन गर्ने प्रयाससहित क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गरेका छन् । म्यानमाको सेनाप्रति बफादार सरकार (जुन्टा सरकार) र देशको उत्तरी भागमा जातीय सशस्त्र समूहहरूबीच युद्ध चर्किएको छ ।

# भारतीय गणतन्त्र दिवस मनाइयो

**एएनआइ**

नयाँदिल्ली । भारतका राष्ट्रपति द्रौपदी मुर्मूले शुक्रवार आयोजित ७५ औं गणतन्त्र दिवसको अवसरमा कर्तव्य पथमा राष्ट्रिय झण्डा फहराएर गणतन्त्र दिवस समारोहको औपचारिक शुरुआत गर्नुभयो ।



सन् १९४७ अगष्ट १५ मा भारतलाई स्वतन्त्र राष्ट्र घोषणा गरिएको भएपनि सन् १९५० जनवरी २६ मा संविधान जारी गरी भारतले आफूलाई सार्वभौम, लोकतान्त्रिक र गणतान्त्रिक राज्य घोषणा गरेको थियो । यसै दिनको सम्झनामा हरेक बर्ष जनवरी २६ मा भारतमा गणतन्त्र दिवस मनाउने गरिन्छ ।७५ औं गणतन्त्र दिवसको अवसरमा आयोजित समारोहस्थलमा राष्ट्रपति मुर्मू र प्रमुख अतिथि फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौंलाई प्रधानमन्त्री नरेन्द्र मोदीले स्वागत गर्नुभएको थियो । उहाँहरूलाई राष्ट्रपति मुर्मूका अङ्गरक्षकको सुरक्षा घेरामा राष्ट्रपति भवनतर्फ लगिएको थियो ।

राष्ट्रपतिको अङ्गरक्षक भारतीय सेनाको सबैभन्दा शीर्षस्थ सैन्य इकाई हो । गणतन्त्र दिवसमा यस शीर्षस्थ सैन्य इकाइको भूमिकालाई विशेष मानिन्छ किनकि यसको स्थापना सन् १७७३ मा भएको र सेवाको २५० वर्ष पूरा गरेको छ ।राष्ट्रपतिका सुरक्षागार्डका कमान्डेन्ट कर्णेल अमित बर्वाल राष्ट्रपतिको बग्गीको दाहिनेतिर चढेर घोडसवारहरूको यो प्राचिन सैन्य इकाईको नेतृत्व गर्नुभएको थियो । समारोहमा राष्ट्रगान बजाइएको थियो र राष्ट्रपतिलाई २१ तोपको सलामी दिइएको थियो ।

भारत भ्रमण गरौं र प्रजातन्त्रकी जननी भारत भन्ने दुई नाराका साथ आयोजित समारोहमा चार दशकको अन्तरालपछि पुनरागमन भएको ‘परम्परागत बग्गी’ सवारीमा दुई राष्ट्रपतिलाई कर्तव्य पथबाट राष्ट्रपति कार्यलयतर्फ लगिएको थियो । यसपटकको सैन्य परेडमा पहिलो पटक महिला त्रिसैनिक दस्ताले भाग लिएको थियो भने १६ वटा राज्य र केन्द्र शासित प्रदेशले पनि सांस्कृतिक प्रस्तुति र झाँकीमार्फत् आफ्नो सम्पदा विविधता प्रदर्शन गरेका थिए ।यसअघि परेडमा फ्रान्सेली सेनाको एक टुकडीले पनि भाग लिएको थियो ।

सैन्य शक्ति र विविध संस्कृतिको शानदार प्रदर्शनसहित आयोजित समारोह शुक्रबार नै समापन भएको छ । भारतको सैन्य शक्ति र विविध संस्कृतिको शानदार प्रदर्शनपछि कर्तव्य पथमा सैन्य प्रदर्शनसहित राष्ट्रपति मुर्मू र गणतन्त्र दिवस समारोहका प्रमुख अतिथि तथा उहाँका फ्रान्सेली समकक्षी म्याक्रौंलाई राष्ट्रपति भवनतर्फ लगेपछि गणतन्त्र दिवसको औपचारिक समारोह सम्पन्न भएको हो । गणतन्त्र दिवसका अवसरमा शुक्रबार देशभरी र देशबाहिर रहेका कुटनीतिक नियोग तथा समुदायले पनि विविध कार्यक्रम गरी गणतन्त्र दिवस मनाएका छन् ।

# राजा चार्ल्स तृतीय प्रोस्टेट शल्यक्रियाका लागि अस्पताल भर्ना

**एपी**

लन्डन । राजा चार्ल्स तृतीयलाई बढेको प्रोस्टेटको ‘सुधारात्मक प्रक्रिया’ का लागि शुक्रबार लन्डनको एउटा निजी अस्पतालमा भर्ना गरिएको बकिङ्घम दरबारले बताएको छ ।

वेल्सकी राजकुमारीले पेटको शल्यक्रियापछि स्वास्थ्यलाभ गरिरहनुभएको लन्डन क्लिनिकमा ७५ वर्षीय राजाको उपचार गरिनेछ । अस्पताल पुगेपछि राजाले राजकुमारी केटलाई भेट्नुभएको थियो । दरबारले भनेको छ, “राजालाई बिहान निर्धारित उपचारका लागि लन्डनको एउटा अस्पतालमा भर्ना गरिएको छ, गत साता शुभकामना पठाउने सबैलाई राजाले धन्यवाद दिन चाहनुभएको छ ।”

सोह्र महिनाअघि राजगद्दीमा बस्नुभएका राजा चार्ल्सलाई गत जनवरी १७ मा लक्षण देखिएपछि स्वास्थ्य परीक्षण गर्दा उहाँको अवस्था सामान्य भएको पत्ता लागेको थियो । उहाँले कार्यक्रमहरू रद्द गर्नुभयो र उहाँलाई उपचार प्रक्रियाअघि आराम गर्न आग्रह गरिएको थियो । राजाको शन्यक्रियाका बारेमा प्रचारलाई सार्वजनिक स्वास्थ्य सल्लाहअनुसार अन्य पुरुषहरूलाई प्रोस्टेटको परीक्षण गराउन प्रोत्साहन गर्ने अवसरका रूपमा हेरिएको छ । आफ्नो निदानले जनस्वास्थ्य जागरुकतामा सकारात्मक प्रभाव परेको जानेर राजा खुशी हुनुभएको दरबारले बताएको छ ।

# बङ्गलादेशमा ट्रान्सजेन्डर मान्यताको विरोध

**एएफपी**

ढाका । स्कुलको पाठ्यपुस्तकहरूमा ट्रान्सजेन्डर व्यक्तिकोमान्यताहटाउनेमागसहित पछिल्लो विरोध प्रदर्शनमा शुक्रबारको नमाजपछि आयोजित एक इस्लामिक जुलुसमा बङ्गलादेशको राजधानीमा हजारौँ मानिस भेला भएका छन् ।



बङ्गलादेशमा ट्रान्सजेन्डर महिलाहरूबढ्दो कानूनी मान्यताको लाभार्थी भएका छन् । उनीहरूलाई आधिकारिकरूपमा तेस्रो लिङ्गका रूपमा मान्यता दिइएको छ । गत वर्ष पाठ्यक्रम परिमार्जनमा स्कुलका पाठ्यपुस्तकहरूमा ट्रान्सजेन्डर महिलाहरूको पहिचानलाई समावेश गरिएको थियो ।

सामाजिक विज्ञानको एक पुस्तकले शरिफ नामको एक केटाको कथा बताउँछ । उसले लिङ्ग परिवर्तन गरेर महिलाको नाम शरिफा राख्छ र अन्य ट्रान्सजेन्डर व्यक्तिहरूसँग बस्न जान्छ । स्थानीय प्रहरी अधिकारी जाकिर हुसेनले मध्य ढाकामा राष्ट्रिय मस्जिदबाहिर परिवर्तनविरुद्ध र्यालीमा पाँच हजारभन्दा बढी मानिस सहभागी भएको बताउनुभयो । उक्त र्यालीको आयोजना बङ्गलादेशको सबैभन्दा ठूलो इस्लामी पार्टीले गरेको थियो ।

“हामी शरिफलाई शरिफा बन्न दिनेछैनौँ”, प्रदर्शनकारीहरूले नारा लगाएका थिए । उनीहरूले बङ्गलादेशको ठूलो ट्रान्सजेन्डर समुदायलाई मुस्लिम बहुल मुलुक छाड्न माग गर्दैसमेत नारा लगाएका थिए ।

ढाकाको एक प्रमुख विश्वविद्यालयका सयौँ छात्रहरूले यसै साता पाठ्यक्रममा समावेश गरिएको ट्रान्सजेन्डर सामग्रीको निन्दा गरेकामा लेक्चरर आसिफ महताब उत्सालाई बर्खास्त गरेकामा विरोध गरेका थिए । हिजडाहरू पूरै दक्षिण एसियामा ट्रान्सजेन्डर महिलाका रूपमा चिनिन्छन् । कानूनी मान्यताको विस्तारसँगै बङ्गलादेशी समाजामा यिनीहरू बढ्दोरूपमा देखिन थालेका छन् । कयौँले बङ्गलादेशी राजनीतिमा प्रवेश गरेका छन् ।

सन् २०२१ मा मुलुकमा पहिलोपटक एक ट्रान्सजेन्डर महिला कुनै ग्रामीण सहरको मेयर बनिन् । यद्यपि एलजिबिटिक्यु समुदायले अहिले पनि बङ्गलादेशमा व्यापक भेदभावको सामना गर्नुपरेको छ । समलिङ्गी यौन सम्बन्धहरूलाई कारागार सजाय दिनका लागि औपनिवेशिक युगको कानून बनेको भए पनि कार्यान्वयन दुर्लभ छ ।

# रूसी आक्रमणमा परी मृत्यु हुनेको संख्या ११ पुग्यो

**एएफपी**

कीएभ । युक्रेनको दोस्रो ठूलो शहर खार्किभमा रूसी क्षेप्यास्त्र आक्रमणमा परी मृत्यु हुनेको सङ्ख्या ११ पुगेको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

यूक्रेनको राजधानी कीएभ र उत्तरपूर्वी खार्किभसहित विभिन्न स्थानमा सोमबार बिहान रूसी क्षेप्यास्त्र प्रहार हुँदा १०० भन्दा बढी घाइते हुनुका साथै कम्तीमा १८ जनाको मृत्यु भएको छ ।खार्किभ अभियोजकको कार्यालयले शुक्रबार ६१ वर्षीया एक महिलाको आक्रमणमा परी छ जना घाइते भएको बताएका छन् ।दक्षिणी क्षेत्रका गभर्नर ओलेक्सान्डर प्रोकुदिनले एस-३०० क्षेप्यास्त्र आक्रमणमा परेर खेरसनमा एक व्यक्ति घाइते भएको बताउनुभएको छ । उहाँले सन् २०२२ को अधिकांश समय रूसी सेनाको नियन्त्रणमा रहेको उक्त सहरको अग्लो आवासीय भवन र घरहरूमा क्षति पुऱ्याएको तस्बिर सामाजिक सञ्जालमा पोस्ट गर्नुभएको छ ।

रूसले बारम्बार आवासीय क्षेत्रलाई लक्षित गरेको अस्वीकार गर्दै आएको छ । संयुक्त



मृत्यु भएको र उक्त सहरमा मृत्यु हुनेको सङ्ख्या ११ पुगेको जनाएको छ ।राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले कडा प्रतिकार गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

रूसको नियन्त्रणमा रहेको डोनेट्स्क क्षेत्रमा युक्रेनी अधिकारीहरूले बिहीबारको रूसी राष्ट्रसङ्घका अनुसार सन् २०२२ को फेब्रअरीयता यूक्रेनमा कम्तीमा १० हजार सर्वसाधारण मारिएका छन् ।रूसले आक्रमण गरेको करिब दुई वर्षयता पूर्व र दक्षिणमा रहेका युद्धग्रस्त तथा अग्रपङ्तीका शहर र शहर नजिकका ग्रामिण इलाकामा दैनिक गोलाबारी हुने गरेको छ ।

# भूकम्पबाट १७ अर्ब अमेरिकी डलर बराबरको क्षति

**एएफपी**

टोकियो । जापानले नयाँ वर्षको भूकम्पबाट १७ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको जानकारी गराएको छ ।



जापानको राजधानी टोकियोमा नयाँ वर्षको पहिलो दिन अर्थात् जनवरी १ मा गएको भूकम्पमा परी कम्तीमा २३६ जनाको मृत्यु भएको र भौतिक क्षतिको लागत १७ अर्ब ६० करोड अमेरिकी डलर पुग्ने एक सरकारी अधिकारीले शुक्रबार बताएका छन् ।

इशिकावा प्रान्तमा केन्द्रविन्दू रहेको ७.५ म्याग्नीच्यूडको भूकम्प र त्यसपछिका पराकम्पनले जापानको समुद्री तटमा रहेको उक्त क्षेत्रको केही भाग ध्वस्त पार्नुका साथै भवनहरू भत्किएका छन्, सडकहरू भत्किएका छन् र ठूलो आगलागी भएको छ ।इशिकावा र दुई छिमेकी क्षेत्रमा १.१ ट्रिलियन येन (७.४ बिलियन डलर) देखि २.६ ट्रिलियन येन (१७.६ अर्ब डलर) को क्षति भएको हुनसक्ने सरकारी अध्ययनले देखाएको हो । क्याबिनेट कार्यालयका एक अधिकारीले विगतका ठूला भूकम्पको तथ्याङ्क प्रयोग गरेर गणना गरिएको र बिहीबार सरकारी बैठकमा आर्थिक प्रतिवेदन पेश गरेको पुष्टि गरेका छन् ।

तर सन् २०११ मा उत्तरपूर्वी जापानमा गएको भूकम्प र सुनामीका कारण भएको १६.९ ट्रिलियन येनको क्षतिभन्दा यो निकै कम हो ।त्यस विपत्तिले लगभग १८ हजार ५०० मानिसहरूको मृत्यु वा वेपत्ता र फुकुशिमा आणविक केन्द्रमा आणविक दुर्घटना निम्त्याएको थियो । यसलाई चेर्नोबिलपछिको विश्वको सबैभन्दा खराब आणविक दुर्घटना मानिएको छ ।


अधिकारीहरूले बिहीबार इशिकावाको पुनर्निर्माणको विस्तृत योजना सार्वजनिक गरेका छन् । इशिकावामा हिमपात र नराम्ररी क्षतिग्रस्त सडकहरूका कारण भूकम्पपछि राहत प्रयासलाई जटिल बनाएको छायसमा कारखाना र बन्दरगाहहरूको पुनः निर्माणका साथै यस क्षेत्रमा पर्यटकहरूलाई आकर्षित गर्न अनुदानका साथै उद्धारका लागि आश्रयस्थलहरूमा सुधार समावेश छ ।

जापान प्यासिफिक ‘रिंग अफ फायर’ मा अवस्थित छ, जुन तीव्र भूकम्पीय गतिविधिको चाप हो जुन दक्षिणपूर्व एशिया र प्रशान्त क्षेत्रमा फैलिएको छ ।यो देश नियमित रूपमा भूकम्पको चपेटामा पर्दै आएको छ र भवनहरूले शक्तिशाली कम्पन सहन सक्ने सुनिश्चित गर्न कडा निर्माण नियमहरू छन् । नयाँ वर्षको भूकम्पबाट सबैभन्दा बढी प्रभावित भएका विशेष गरी ग्रामीण क्षेत्रका समुदायहरूमा धेरै संरचनाहरू पुराना छन् ।

# कङ्गोमा बम विस्फोटमा परी कम्तीमा १९ जनाको मृत्यु

**सिन्ह्वा**

कङ्गो । लोकतान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी म्वेसो सहरमा विद्रोहीहरूले गरेको बम विस्फोटमा बिहीबार कम्तीमा १९ जना सर्वसाधारणको मृत्यु भएको सेनाले प्रेस विज्ञप्तिमार्फत् जनाएको छ ।



मार्च २३ आन्दोलनका विद्रोहीहरूले १२० भन्दा बढी गोलाबारी प्रहार गरी गरेको आक्रमणमा १९ जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको बताइएको छ ।अधिकारीहरूले उक्त आक्रमणलाई आतङ्कवादी कार्य र अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लङ्घन मानेका छन् ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२३ मा पूर्वी कङ्गोमा उच्च स्तरको हिंसा र विस्थापनका कारण मानवीय सङ्कट अझै बिग्रिएको छ । सन् २०२१ को अन्त्यमा पुनःरुत्थान भएको विद्रोही समूहले द्वन्द्व र मानवीय सङ्कट निम्त्याएको छ र कङ्गोको भूमिमा प्रमुख किल्लाहरू कब्जा गरेको छ । यसैबीच, गणतन्त्र कङ्गोमा संयुक्त राष्ट्र सङ्घका एजेन्सीहरूले बिहीबार देशभरका बाढी पीडितहरूका लागि लगभग ३६ लाख अमेरिकी डलर परिचालन गरेका छन् ।


विपद् राहत कोष कङ्गोमा संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरूका संयोजक क्रिस एमबुरुले सामाजिक मामिला, एकता तथा मानवीयकार्यमन्त्री इरेन मेरी सिसिल एमबुकोउ-किम्बाट्सालाई हस्तान्तरण गर्नुभएको थियो । लिकौला, प्लेटक्स, क्युभेट र पुल गरी चारवटा विभागहरूका लागि बनाइएको कोषले स्थानीय सरकारलाई पानी, सरसफाई, स्वास्थ्य र खाद्य सुरक्षाको समस्या सामना गर्न सक्षम बनाउनेछ ।कङ्गोमा संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरूले बाढी पीडितहरूका लागि आपतकालीन मानवीय प्रतिक्रियामा सरकारलाई सहयोग गर्न ३६ लाख जारी गरेको एमबुरूले बताउनुभयो ।

राष्ट्रव्यापी भारी वर्षाका कारण आएको बाढीबाट कम्तीमा २३ जनाको मृत्यु भएको सरकारी प्रवक्ता थिएरी मोङ्गाल्लाले बताउनुभएको छ । बाढीका कारण कूल तीन लाख ३६ हजार ५६० जना मानिस प्रभावित भएका थिए । तीमध्ये छ हजार १७८ जना विस्थापित भएका थिए । बाढीले प्रभावित क्षेत्रका २६ वटा स्वास्थ्य केन्द्र १२० वटा विद्यालय र करिब ६४ हजार घरहरूमा पुर्ण रुपमा क्षति पुऱ्याएको छ ।

# मृत्युदण्डको सजाय सुनाइएका आओबाद्वारा अदालतमा अपिल

**एएफपी**

टोकियो । जापानको ‘एनिमे स्टुडियो’मा भएको आगजनीमा परी ३६ जनाको ज्यान जाने गरी भएको आगजनीको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएका जापानी नागरिकले शुक्रबार उक्त फैसलाविरुद्ध अपिल गरेका छन् ।सन् २०१९ मा जापानको क्योटो एनिमेसनको स्टुडियोमा भएको आगजनीका लागि ४५ वर्षीय शिन्जी आओबालाई दोषी ठहर गरिएको छ ।



उहाँका वकिलले आहोबा मानसिक रोगी भएको र घटनामा दोषी ठहराउनु जापानको कानुन अनुसार गलत हुने दावी गर्दै फैसलाविरूद्ध निवेदन दिएका छन् । क्योटो जिल्ला अदालतका प्रवक्ताले एएफपीलाई दिएको जानकारीअनुसार शुक्रबार उहाँको प्रतिरक्षा टोलीले उक्त फैसलाविरुद्ध अपिल गरेको हो ।कानूनमा मृत्युदण्डको सजायको प्रावधान राख्ने केही विकसित (जी-७) मुलुकहरूमध्ये जापान एक हो यसको लागि जन समर्थन उच्च छ । जापानमा गतबर्षको डिसेम्बरसम्म १०७ जनालाई मृत्युदण्ड दिइएको थियो ।

सन् २०१९ को जुलाईमा भएको आगलागीमा परी ज्यान गुमाउनेमा २१ वर्षीया एक महिलासहित अधिकांश युवा थिए ।आओबा बिहान भवनभित्र पसेर भुइँतल्लामा पेट्रोल छर्केर आगो बालेर ‘ड्रप डेड’ भनेर चिच्याएको बाँचेकाहरूले बताएका छन् ।फैसलामा न्यायाधीशले भनेका छन्, “मानिसहरुलाई अपमानित गर्नु वास्तवमै क्रूर र अमानवीय हो ।”

आगजनीका कारण आओबाको आफ्नो शरीरको ९० प्रतिशत भाग जलेको थियो र आगो लागेको केही हप्तापछि मात्र होशमा आएका थिए भने पछि उनी बोल्न सक्ने भएका थिए । घटनामा ३६ जनाको मृत्यु भएको थियो भने अन्य ३० जनाभन्दा बढी घाइते भएका थिए भने अग्निनियन्त्रकहरूले घटनालाई ‘अकल्पनीय’ भनेका थिए र भित्र फसेका मानिसहरूको उद्धार गर्न ‘अत्यन्त कठिन’ भएको बताएका थिए ।

# निगमले सुर्खेतबाट उडान गर्ने

टुडे समाचारदाता

काठमाण्डु । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले सुर्खेतबाट कर्णाली प्रदेशका अन्य जिल्लामा चाँडै उडान गर्ने भएको छ । कार्यकारी अध्यक्ष युवराज अधिकारीसहितको निगमको टोलीले सोही उडानको संचालनका सन्दर्भमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्कासँग रक्षा मन्त्रालयमा छलफल गरेको छ ।

छलफलका क्रममा उपप्रधानमन्त्री खड्काले सुर्खेतबाट कर्णाली प्रदेशका अन्य जिल्ला जुम्ला, हुम्ला, सिमिकोट, ताल्चा, डोल्पालगायतका गन्तव्यको उडान प्रारम्भ गर्न प्राथमिकता दिएर चाँडो भन्दा चाँडो रफ्तारकासाथ काम गर्न आग्रह गरे ।

छलफलमा नेपाल वायुसेवा निगमका अध्यक्षसहित सुर्खेतबाट हवाई सेवा दिने व्यवस्था मिलाउन गठित समितिका पदाधिकारीहरूको समेत सहभागिता थियो ।

छलफलमा उपप्रधानमन्त्री खड्काले कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट अन्य जिल्लामा हवाई सेवा दिने नेपाल एयरलाइन्सको दीर्घकालीन व्यावसायिक योजनामा आफ्नो, सङ्घीय सरकार र प्रदेश सरकारको साथ, सहयोग र समर्थन रहेको बताए ।

नेपाल वायुसेवा निगमका अधिकारी र उपप्रधानमन्त्री खड्काबीच चाँडै सुर्खेतबाट हवाई सेवा सुरु गर्न र त्यसको तयारीका लागि सुर्खेतमा नेपाल एयरलाइन्सको कार्यालय यथाशीघ्र स्थापना गर्ने बिषयमा समेत छलफल भएको थियो । निगमका कार्यकारी अध्यक्ष अधिकारीले सुर्खेतबाट उडानको तयारी भइरहेको बताए ।

"यसका लागि समिति पनि गठन गरिएको छ", अध्यक्ष अधिकारीले भने, "हामी सुर्खेतबाट हवाई सेवा दिन तयारी गरिरहेका छौं ।"

उपप्रधानमन्त्री खड्कासँगको छलफलको



क्रममा गठित समितिका सदस्य सचिव दीपेश पुनले माघभित्र तयारी पूरा गरी फागुनदेखि सुर्खेतबाट उडान गर्ने लक्ष्यका साथ काम अघि बढाउने बताऐ । उनले थप प्रष्ट पार्दै भने, "कर्णाली प्रदेशका अन्य जिल्लालाई हवाई उडानमार्फत सुर्खेतमा जोड्ने गरी काम गरिरहेका छौं ।"

सो अवसरमा उपप्रधानमन्त्री खड्काले निगमलाई हाल उपलब्ध सबै विमान उपयोग गरी देशभित्र र विश्वका विभिन्न गन्तव्यहरुमा उडान विस्तार गर्न रणनीतिक योजनाका साथ अघि बढ्न सुझाव दिए । "नेपाल एयरलाइन्सले हाल भइरहेका विमानको पूर्ण क्षमतामा सञ्चालन गरी अधिकतम लाभ लिन सक्नुपर्छ", उनले भने ।

छलफलको निष्कर्षमा उपप्रधानमन्त्री खड्काले पुनः जोड दिँदै निगम अधिकारीलाई सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका विभिन्न जिल्ला र पायक पर्ने छिमेकी जिल्लाहरुमा समेत नेपाल एयरलाईन्सले नियमित हवाई सेवा संचालन गरी त्यहाँका जनताको वर्षौंदेखिको हवाई सेवा प्राप्त गर्ने आकाङ्क्षा पूरा गर्न विशेष जोड दिए ।

# लिफ्ट सिँचाइ आयोजना अलपत्र अवस्थामा

टुडे समाचारदाता

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-९ सिसैयामा आठ वर्षअघि निर्माण भएको लिफ्ट सिँचाइ आयोजना अलपत्र परेको छ । सिँचाइ आयोजना पूर्णरुपमा सम्पन्न नगरी अलपत्र छाडिएको हो । आयोजनाका लागि संरचना निर्माण गरिए पनि किसानको खेतमा भने पानी पुग्न सकेको छैन ।

विसं २०७२ मा निर्माण प्रारम्भ गरिएको आयोजनाको काम विसं २०७३ मङ्सिरमा सम्पन्न भएको जनाइएको छ । सिँचाइ आयोजनाका लागि पाइपलाइन बिच्छ्याउने काम पूरा नगरीकनै निर्माण व्यवसायीले भुक्तानी लिएर गएपछि आयोजना सञ्चालनमा आउन नसकेको स्थानीय उपभोक्ताको भनाइ छ ।

नेपाल सरकार र एसियाली विकास बैङ्क (एडिबी)को संयुक्त लगानीमा सामुदायिक सिँचाइ आयोजना (सिआइपी) कञ्चनपुरअन्तर्गत रु ४४ लाख ६१ हजार नौ सय ७२ को लागतमा ठेक्का प्रक्रियामार्फत सिँचाइ आयोजना निर्माण गरिएको हो जसमा लालपनिया लिफ्ट सिँचाइ उपआयोजना उपभोक्ता समितिमार्फत जनश्रमदानसहित



रु पाँच लाख ६३ हजार आठ सय सातमा आयोजनाको यन्त्र राख्ने घर निर्माण गरिएको छ । आयोजनाका लागि जग्गा निःशुल्क रुपमा उपलब्ध गराएका हुकुम चुनाराले केही क्षेत्रमा आयोजनाअन्तर्गत पाइपलाइन बिच्छ्याइएको भए पनि मूल सडकमा पाइपलाइन बिच्छ्याउने काम नभएको बताऐ । भल्व राख्नका लागि अपूरा संरचना निर्माण गरिएको उनले उल्लेख गरे ।"आयोजना निर्माण भएपछि खेतमा सिँचाइ गर्न पाइन्छ भनेर खुसी भएका थियौँ," उनले भने, "आयोजनाका संरचना बनाउन जग्गा निःशुल्क दियौँ तर पानी खेतमा कहिल्यै पुगेन, अरूको पम्पसेटबाट रु तीन हजार खर्च गरेर गहुँबालीमा सिँचाइ गर्नुपरेको छ ।"आयोजना निर्माणस्थल सुरक्षित गर्न भरपर्दो तटबन्धकोकामनगरिँदाजग्गाकटान भइरहेको उनले बताए। आयोजना सञ्चालन नै नभएपछि चुनाराले आयोजनाको विद्युतीय मोटर लगायतका सामान जडान गरिएको घरभित्र पराल थन्क्याएका छन् । सिँचाइ उपआयोजना उपभोक्ता समितिका अध्यक्ष करन ऐरले उपभोक्ता समितिमार्फत मेसिन राख्ने घर निर्माण गर्ने जिम्मा दिएअनुसार निर्माण गरिएको बताऐ ।

"अन्य संरचना निर्माण तत्कालीन जिल्ला प्राविधिक कार्यालयले ठेक्का प्रक्रियामार्फत गरेको हो," उनले भने, "ठेक्का सम्पन्न भएको पनि जानकारी नै पाएनौँ, निर्माण व्यवसायीले उक्त कार्यालयबाट कहिले पूरै भुक्तानी लिए त्यो पनि जानकारी पाएनौँ ।"

तत्कालीन जिल्ला विकास समितिअन्तर्गत रहेको जिल्ला प्राविधिक कार्यालय अन्यत्र गाभिएपछि सिँचाइ आयोजनाको काम कुन निकायले गर्ने भन्ने अन्यौलता भएको उनको भनाइ छ।

"पाइपलाइन बिच्छ्याउने काममा ढिलो भयो," उपभोक्ता समितिका सचिव तेजबहादुर सुनारले भने, "खोलामा पानी तान्न निर्माण व्यवसायीले बनाएको संरचनाभन्दा तल खोलाको सतह गएपछि पानी किसानको खेतसम्म पुग्न सकेन ।" मूल सडकमा पाइप बिच्छ्याउने र जोड्ने कामसमेत पूरा हुन नसकेको उनको भनाइ छ ।

आयोजनाको वेबसाइटमा राखिएको निर्माण कार्यको आर्थिक प्रगति १२७ दशमलव ८४ र भौतिक प्रगति सय प्रतिशत देखाइएको छ । दुई सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्याउने उद्देश्यले आयोजना निर्माण थालिएको थियो । आयोजनाअन्तर्गत पाँच केभिएको ट्रान्सफर्मर राख्ने कार्य, विद्युत्को थ्रिफेस लाइन राख्ने, विद्युतीय मोटर जडानको कार्यसँगै यन्त्र राख्ने घर निर्माण गरिएको छ ।उपभोक्ता समितिका पदाधिकारीका अनुसार ठेक्का प्रक्रियामार्फत झन्डै एक हजार पाँच सय मिटर क्षेत्रमा पाइपलाइन बिच्छ्याउने काम पनि गरिएको छ। स्थानीय उपभोक्ताले आयोजना सञ्चालनमा ल्याउनका लागि नगरपालिकालाई अनुरोध गरेका छन् ।

# महानगरविरुद्ध चरणबद्ध आन्दोलनको घोषणा

टुडे समाचारदाता

काठमाण्डु । संयुक्त स्वरोजगार सडक व्यापार व्यवसायी सङ्घर्ष समितिले सातबुँदे माग राख्दै काठमाडौं महानगरपालिकाविरुद्ध चरणबद्ध आन्दोलन घोषणा गरेको छ । शुक्रबार यहाँ पत्रकार सम्मेलन गर्दै सङ्घर्ष समितिले यही माघ १५ देखि २८ गतेसम्म चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेको हो ।

समितिका अनुसार यही माघ १५ गतेदेखि कामपालाई ज्ञापनपत्र बुझाउने, माघ १६ मा जनप्रदर्शनसहित महानगरपालिका कार्यालयमा धर्ना तथा घेराउ गर्ने, माघ १७ मा जिल्ला प्रशासन कार्यालय काठमाडौँमा ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको समितिमा आवद्ध नेपाल स्वरोजगार व्यापार श्रमिक सङ्घका अध्यक्ष माया गुरुङले जानकारी दिऐ । उनको अनुसार माघ १८ मा गृह मन्त्रालय, माघ १९ मा प्रधानमन्त्री कार्यालय, माघ २१ मा नेकपा समाजवादी पार्टी कार्यालय, माघ २२ मा नेकपा माओवादी केन्द्र पार्टी कार्यालय, माघ २३ मा नेपाली कांग्रेस पार्टी कार्यालय र माघ २४ घमा नेकपा एमाले पार्टी कार्यालयमा ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको छ ।

सङ्घर्ष समितिले माघ २८ गते व्यापक जनसहभागितासहित थाल, चम्चा ठटाउँदै जुलुस प्रदर्शनसहित महानगरपालिका घेराउ गर्ने कार्यक्रम रहेको समितिमा आवद्ध नेपाल स्वतन्त्र सडक




व्यापार श्रमिक सङ्गठनका अध्यक्ष कुमार सापकोटाले जानकारी दिऐ । आन्दोलनका कार्यक्रम घोषणा गर्दै महानगरसमक्ष सातबुँदे माग अघि सारिएको उनको भनाइ थियो ।

महानगरले विभिन्न समयमा व्यवसायीका जफत गरिएका सामान फिर्ता गर्नुपर्ने, महानगरभित्रका सबै वडामा 'सस्तो बजार' सञ्चालन गरी सस्तोमा नागरिकले सामान पाउने व्यवस्था गर्नुपर्ने, वैकल्पिक व्यवस्थापन नहुन्जेलसम्म हाल व्यवसाय गरिरहेकै स्थानमा उचित समय निर्धारण गरी व्यवसाय सञ्चालन गर्ने कार्य सुनिश्चित गरिनुपर्नेलगायत माग सङ्घर्ष समितिको छ ।

महानगरमा तत्काल श्रम डेस्क स्थापना गरी स्वरोजगार श्रमिकको आवश्यक सूचीकरणलगायत श्रम व्यवस्थापनसँग सम्बन्धित काम थालनी गर्नुपर्ने, दीर्घकालीन रूपमा समस्या समाधानका लागि प्रमुख वा उपप्रमुखको संयोजकत्वमा सङ्घर्ष समितिमा रहेका ट्रेड युनियनहरूको प्रतिनिधिसहित सरोकारवाला सम्मिलित उच्चस्तरीय अधिकार सम्पन्न व्यवस्थापन कार्यदल तत्काल गठन गर्नुपर्ने, महानगर प्रहरीको धरपकड अविलम्ब बन्द गरिनुपर्ने र स्वरोजगार सडक व्यवसायीलाई करको दायरामा समावेश गरिनुपर्ने माग राखिएको समितिमा आवद्ध राष्ट्रिय स्वरोजगार व्यापार व्यवसायी सङ्घका अध्यक्ष लिलाबहादुर दाहालले बताए । श्रमिक सङ्घका अध्यक्ष गुरुङ व्यवसायीहरूको माग सम्बोधन गर्न चासो नदेखाए आन्दोलनका थप कार्यक्रम घोषणा गर्ने बताऐ । उनले महानगरसँग लडाइँ गर्नुभन्दा वार्ता गरेर दीर्घकालीन समाधान खोजेको बताए ।

व्यापार श्रमिक सङ्गठनका अध्यक्ष सापकोटाले सडक व्यापारी सधैँ सडकमै बस्न नचाहेको बताए । व्यापार व्यवस्थित गरी महानगरले स्वरोजगार सडक व्यापारीलाई करको दायरामा समावेश गरेर व्यवस्थापन गर्नुपर्ने माग राखे ।

व्यबसायी सङ्घका अध्यक्ष दाहालले महानगर प्रहरीले विभिन्न समयमा व्यवसायीका जफत गरिएका सामान फिर्ता गर्ने प्रतिबद्धता जनाए पनि सामान लिन जाँदा व्यापारीले सामान नै नपाएको बताए ।

# बेसारको 'ब्रान्डिङ' गर्दै सहकारी

टुडे समाचारदाता

गलकोट । अधिकांश सहकारी उद्देश्यअनुरुप नचलेको गुनासोकाबीच यहाँको एक सहकारीले बहुआयामिक उत्पादनलाई शेयर सदस्यलाई जोड्न थालेको छ । छ वर्षदेखि उखु र अदुवा उत्पादन गर्दै आएको बागलुङको सिमृक कृषि तथा पशु व्यावसायिक सहकारी संस्थाले यस वर्षदेखि बेसारलाई 'ब्रान्डिङ' गरेर बजार पठाएको छ ।

सहकारीले बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखराको दुई स्थानमा १० रोपनी बाँझो जग्गा भाडामा लिएर उखुखेती गर्दै आएको थियो भने तीन वर्षयता बागलुङ नगरपालिका-४ कुँडुलेमा दुई रोपनी जग्गा भाडामा लिएर बेसारखेती गर्दै आएको छ । यस्तै तितौरेमा दुई रोपनी जग्गामा कृषक भएकाले उनीहरुलाई अदुवा र बेसारको बीउ वितरण गर्दै आइएको छ । सहकारीले तीन ठाउँमा उखु, बेसार र अदुवा उत्पादन गर्दै आएको छ भने बेसार र अदुवाको बीउ सदस्यलाई वितरण गरिन्छ भने बाँकी रहेको बेसार र अदुवा बजारमा बिक्रीका लागि पठाउने गरिएको छ । बागलुङ नगरपालिका-७ तितौरेमा दुई रोपनी जग्गामा सहकारीले नै अदुवाखेती गर्दै आएको छ। सहकारीले ठूलो परिणाममा उत्पादन गर्न नसके पनि सदस्य लक्षित उत्पादन गरिरहेको सहकारीका अध्यक्ष चूडामणि उपाध्यायले जानकारी दिऐ । उपाध्ययका अनुसार गत पुसमा आयोजना गरिएको साधारणसभामाबेसारलाईमायाको चिनोका रुपमा अतिथिलाई



अदुवाखेती गर्दै आएको छ । सहकारीले उत्पादन गरेको बेसारलाई यस वर्षदेखि ब्रान्डिङ गरेको छ । सहकारी संस्थाले वार्षिक २० क्विन्टल उखु बिक्री गर्दै गरेको थियो । यस वर्ष सहकारीले एक लाख बराबरको बेसार बिक्री गरेको र अन्य बीउलाई सदस्यमा सापटी दिएको सहकारीका कोषाध्यक्ष तथा कुँडुलेका अगुवा कृषक जगन्नाथ सापकोटाले बताऐ । "सहकारीले बेसारखेती गर्न थालेको दुई वर्ष भयो, यस वर्षबाट बेसार बिक्री गर्न थालेका छौँ", एक लाख बराबरको बेसारलाई ब्रान्डिङ गरेर बिक्री गर्यौ, अन्य बेसार सोही जग्गामा लगायौँ भने बाँकी बीउ पुँजीका लागि सदस्यलाई वितरण गरिएको छ, वितरण गरेको बीउ अर्को वर्ष सहकारीलाई नै फिर्ता गर्नु पर्दछ", उनले भने, "तितौरेमा दुई रोपनी जग्गामा अदुवा उत्पादन गर्दै आएका छौँ, सहकारीले कृषिउपजको बजारीकरणसँगै सदस्यलाई कृषिमा आत्मनिर्भर गराउनका लागि अदुवा र बेसारको बीउ सापटी दिने प्रचलन हाम्रो सहकारीमा छ ।"सहकारीका आठ सय शेयर सदस्यमध्ये अधिकांश सदस्य दिइएको थियो । "सहकारीका सदस्यलाई कृषिमा प्रोत्साहन गर्ने हाम्रो नीति छ, अहिले सापटी बीउ दिने, थपेर फिर्ता लिने र बजारमा अर्को वर्ष बिक्री गर्ने नीति ल्याएको छ", अध्यक्ष उपाध्ययले भने, "सुरुसुरुमा सदस्यलाई बीउ दिनेगरी मात्रै उत्पादन गर्यो, सदस्यबाट फिर्ता आउन थालेपछि यस वर्षदेखि ब्रान्डिङ गरेर बिक्री गर्न थालेका छौं ।"बेसालाई पिसेर ब्रान्डिङको काम यस वर्ष सुरु भएको छ । पहिलो वर्ष रु ५० हजारको बेसार बिक्री गरेको छ । बर्सेनि बेसार र अदुवाको उत्पादनका लागि सदस्यलाई सापटी बीउ दिने र थपेर सदस्यले फिर्ता गर्ने नीति लिइएको उपाध्यायको भनाइ छ। बिक्री गर्न नसकेका किसानको उत्पादनसमेत खरिद गरेर बजार खोज्ने काम सहकारीले गर्दै आएको छ । सहकारीले पाँच केजी अदुवाको बीउ सापट दिएको कृषकलाई उत्पादनपछि छ केजी फिर्ता गर्नेगरी किसानलाई कृषिमा प्रोत्साहन गरिरहेको छ । सहकारी संस्थाको शेयरपुँजीको ४० प्रतिशतभन्दा बढी लगानी व्यावसायिक उत्पादनमा लगाउने गरी सहकारी योजनाबद्ध ढङ्गले अघि बढेको छ ।

# धान खेत मासेर केराखेतीतर्फ किसानको आकर्षण



टुडे समाचारदाता

झापा । जिल्लामा केराखेतीतर्फ किसानको आकर्षण बढेको छ । केराखेतीबाट मनग्य आम्दानी हुने र धानबालीको तुलनामा खेती गर्न सजिलो हुनेहुँदा यसतर्फ किसानको आकर्षण बढेको हो । किसानले धान खेत मासेर केराखेती गरेका हुन् ।

जिल्लामा एक हजार आठ सय ९० हेक्टर जमिनमा केराको व्यावसायिक खेती हुने गरेको कृषि ज्ञानकेन्द्र झापाका प्रमुख सागर विष्टले बताऐ । केराको फलसँग बोट र पात मलका लागि बहुउपयोगी हुने उनको भनाइ छ । उनले विगत तीन वर्षयता जिल्लामा केराको व्यावसायिक खेती बढेको बताए ।

उनको अनुसार जिल्लाका गौरादह, भद्रपुर नगरपालिका, झापा, कचकवल, बाह्रदशी र कमल गाउँपालिकामा केराको व्यावसायिक खेती रहेको छ । यहाँ वार्षिक ३७ हजार मेट्रिकटन केरा उत्पादन हुने गरेको उनले बताए । प्रमुख विष्टले जिल्लामा गौरीगञ्ज गाउँपालिका र अर्जुनधारा नगरपालिकामा टिस्युकल्चर प्रविधिबाट केराको उन्नत जातको बिरुवा उमार्ने नर्सरी रहेको जानकारी दिए ।

"धान, मकैखेतीभन्दा केराखेतीबाट आम्दानी राम्रो हुन्छ, खेती गर्न पनि सजिलो हुन्छ", प्रमुख विष्टले भने, "त्यही भएर किसान धान खेत मासेर केराखेतीतर्फ आकर्षित भइरहेका छन् । दश कट्ठा जमिनदेखि ५७ बिघा क्षेत्रफलमा किसानले केराको व्यावसायिक खेती गर्दै आएका छन् । अधिकांश केराखेतीमा लागेका किसान वैदेशिक रोजगारीबाट फर्केका छन् । उनीहरुले परदेशमा रोजगारी गर्न जानुभन्दा स्वदेशमै परिवारसँग बसेर व्यवसाय गर्ने सोच बोकेर युवा केराखेतीमा लागेका छन् । उनले केराखेती प्रवर्द्धनका लागि ज्ञानकेन्द्रले यसै वर्षदेखि गौरीगञ्ज गाउँपालिकामा केरा ब्लक विकास कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको बताए ।

झापा गाउँपालिकाका-३ का चन्द्रप्रसाद बस्नेतले केरा खेतीसँगै यसको थामलाई प्रशोधन गरेर कपडा, धागो, महिनावारी प्याड र फाइबर उत्पादन गर्ने तयारी गरिरहेका छन् । विगत पाँच वर्षअघि इजरायलबाट फर्केर उनले ३० बिघा जमिनमा केराको व्यावसायिक खेती गर्दै आएका छन् । पालिकामा उनले गरेको केराखेतीबाट राम्रो आम्दानी भएको देखेर अन्य युवा पनि केराखेतीमा लागेका छन् । उनले युवालाई प्रोत्साहन गरेर यसको व्यावसायिक खेती गर्न प्रेरित गर्दै उनीहरुले उत्पादन गरेको केराको बजारीकरणमा सहजीकरण गरिदिने र प्राविधिक सहयोग गर्दै आएका छन् । हाल पालिकामा १५ बढी किसानले व्यावसायिक केराखेती गरिरहेका छन् ।स्थानीय २० जना युवायुवतीलाई रोजगार दिनुभएको बस्नेतले वार्षिक रु एक करोडको केरा बिक्री गर्ने गरेको बताऐ । उनले धान, मकैलगायत अन्य बालीको तुलनामा केराखेतीबाट बढी लाभ हुने गरेको जानकारी दिए ।

"यही चालु आर्थिक वर्षभित्रमै केराको थामलाई प्रशोधन गर्ने कारखाना स्थापना गर्न रकम जम्मा गर्दैछु", उनले भने, "चाँडै स्थापना गर्छु । यसो भयो भने जिल्लामा उत्पादित केरासँगै यसको थामले सबै किसानलाई लाभ दिन्छ ।" उनले झापा गाउँपालिकाले केराखेतीलाई आर्थिक करिडोरका रुपमा विकास गर्ने हो भने यसको प्रवर्द्धन, स्थानीय क्षेत्रमा रोजगारीको अवसर सिर्जना हुनुका साथै स्थानीय बासिन्दाको जीवनस्तरमा सुधार आउने धारणा व्यक्त गर्नुभयो । उहाँ भर्खर भारतको महाराष्ट्रमा आयोजित १० दिने 'जैन डिप स्प्रिङ्कल सिँचाइ' प्रशिक्षण कार्यक्रममा सहभागी भएर फर्किएका छन् ।

यसैगरी श्रीगणपति एग्रिकल्चर प्रालिले भद्रपुर र गौरादह नगरपालिकामा जग्गा भाडामा लिएर व्यावसायिक केराखेती गर्दै आएको छ । उन्नत जातको केराको बोट नौ महिनामा पसाउन थाल्ने र एक वर्षभित्रैमै आम्दानी दिने गरेको प्रालिका अध्यक्ष वासु उप्रेतीले बताऐ । उनले भद्रपुर-५ मा २० बिघा र गौरादह-५ मा ५७ बिघा गरी ६७ बिघा जग्गा भाडामा लिएर केराको व्यावसायिक खेती गत वर्षदेखि सुरु गरेको बताए ।

# अनुदानको मल बाटोमै हराए

टुडे समाचारदाता

खजुरा । सङ्घीय सरकारद्वारा अनुदानमा बाँके नरैनापुरका किसानका लागि पठाइएको मल बाटोबाट हराएको पाइएको छ । बाँकेको नरैनापुर-५ मटैयास्थित राप्ती कृषि सहकारी संस्था लिमिटेडले पाएको एक सय ३० बोरा मल बाटोबाटै गायब भएको हो ।

नरैनापुरका किसानका लागि कृषि सामग्री कम्पनीबाट यही माघ ९ गते बुझिलिएको दुई सय बोरा (प्रतिबोरा ५० किलो) सङ्घीय सरकारबाट अनुदान प्राप्त भएको थियो । उक्त अनुदानित युरिया मलमध्ये सहकारीको गोदाममा ६४ बोरा मात्रै फेला परेको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए ।

उनको अनुसार छ बोरा मल स्थानीय किसानलाई बिक्री



गरेको भर्पाई पेस भएको छ भने बाँकी हुनुपर्ने एक सय ३० बोरा युरिया मल बाटोबाटै गायब भएको छ । बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी लालबहादुर गुरुङको नेतृत्वमा वाणिज्य, कृषि ज्ञानकेन्द्र, कृषि सामग्री कम्पनीका प्रमुखसमेतको सहभागितामा बिहीबार गएको अनुगमन टोलीले नरैनापुरस्थित कृषि सहकारी 'राप्ती कृषि सहकारी संस्था लिमिटेड' नरैनापुर-५ को आकस्मिक अनुगमन गरेको थियो ।

उक्त सहकारीले प्रचलित कानुनविपरीतको कार्य गरेको पाइएकाले उपभोक्ताहित संरक्षण ऐनबमोजिम रु दुई लाख जरिवाना गरिएको प्रजिअ पोखरेलले बताऐ ।

अहिले गोदाममा भएको ६४ बोरा अनुदानित मल सिल गरिएको छ भने गायब भएको एक सय ३० बोरा मलबारेमा सात दिनभित्र स्पष्टीकरणसहित उपस्थित हुन निर्देशन दिइएको छ । अनुदानको मल तोकिएको सहकारीमार्फत तोकिएका क्षेत्रका किसानले पाए नपाएको सुनिश्चित गर्न जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी लालबहादुर गुरुङको नेतृत्व टोलीले आकस्मिक अनुगमन गरेको हो ।

# भासिएको कमला पुलको पुनर्निर्माण कार्य जारी



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिरहा जोड्ने कमला नदीमा भासिएको पुलको पुनर्निर्माण कार्य सुरु भएको छ । माघ २ गतेदेखि नै पुनर्निर्माणको काम सुरु गरिए पनि निर्माण कम्पनीले शुक्रबारदेखि कामलाई तदारुकताका साथ अघि बढाएको हो ।

असार अघि नै पुल सञ्चालनमा ल्याउने गरी पुनर्निर्माणको काम भइरहेको निर्माण कम्पनीले जनाएको छ । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र पुल निर्माण कम्पनी लुम्बिनी बिल्डर्स बीच असार अघि नै पुल सञ्चालनमा ल्याउने सम्झौता भएको थियो ।

सम्झौता अनुसार भासिएको कमला पुलको पुनर्निर्माणको काम तीव्ररुपमा अघि बढिरहेको निर्देशनालयका योजना प्रमुख कृष्णकुमार महतोले बताए । पुल पुनर्निर्माणको काम कार्ययोजना अनुसार तोकिएकै समयमा निर्माण सम्पन्न हुने उनले दावी गरे ।

कमला पुल निर्माण कम्पनीका साइट इन्चार्ज सुदीप थापाले वर्षा सुरु भएसँगै रोकिएको पुल पुनर्निर्माणको काम गत मंसिरबाट सुरु भए पनि आर्थिक संकटका कारण सुस्त रहेको थियो । उनले भने- 'भासिएको ठाउँमा दुई पायल राख्नेगरी फाउन्डेसन र पाइलिङको काम भइरहेको छ, बीमाबाट प्राप्त गर्नुपर्ने रकम रोकिएकाले आर्थिक संकट हुन गएकाले निर्माणकार्य ढिलो भयो ।' उनले अघि थप्दैं भने- ' अब यो कार्ययोजना सम्झौताले पुल पुनः निर्माणमा तीव्रता दिने विश्वास लिएको छु ।'

२०६८ मा तीन वर्षभित्र पुल निर्माण सम्पन्न हुने निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सनसंग सम्झौता गरेको थियो । विभिन्न पटक म्याद थप गरेर करिब १० वर्षपछि ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भएको थियो । सो पुलको उद्घाटनको तयारी गरिरहेकै बेला २०७८ असार र कार्तिकमा आएको बाढीले पुल भासिएपछि निर्माणको काम नै अन्योलमा परेको थियो ।

पुल निर्माणमा कम्पनीको लापरबाही देखिएपछि निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सनलाई हटाएर लुम्बिनी बिल्डर्सलाई काम सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो । यसै बीचमा २०७९ चैत १५ गते भौतिक पूर्वाधार तथा यातायातमन्त्री रहेका बेला अहिलेका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्राविधिक टोलीसहित स्थलगत निरीक्षण गर्दै एक सातामा पुलको पुनर्निर्माण कार्य सुरु गर्न निर्माण कम्पनीलाई निर्देशन दिएको थियो ।

मधेश प्रदेशको राजधानी जनकपुरधामसंग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना रहेको छ । लोकमार्ग अन्तर्गत कमला पुल समयमा नबन्दा वर्षौंदेखि यस क्षेत्रका स्थानीय सास्ती भोग्दै आएको छ ।

# मनोरञ्जन करको विषया उपमहानगर र तारे होटलबीच जुहारी

**टुडे समाचारदाता**

बारा । बाराको एकमात्र ५ तारे होटल ' होटल इच्छा' भित्र सञ्चालित क्यासिनोले संघीय सरकार र स्थानीय तहलाई बुझाउनुपर्ने राजस्व अहिलेसम्म नतिरेपछि सरोकारवाला निकायहरु जुर्मुराएका छन् ।




इच्छाबहादुर वाग्ले सञ्चालक रहेको होटल इच्छाभित्र 'स्माइल कलेक्सन प्रालि'को नाममा क्यासिनो सञ्चालन हुँदै आएको छ । उक्त क्यासिनो काठमाण्डु- २६ का सन्जोग विक्रम कुँवरको नाममा दर्ता छ । यद्यपि, इच्छा होटलका सञ्चालक वाग्लेले उक्त क्यासिनो आफ्नै रहेको स्वीकार गरेका छन् ।

तर क्यासिनो प्रशासनले जीतपुरसिमरा उपमहानगरलाई करिब २ करोड मनोरञ्जन कर र ४५ लाख ५८ हजार २९६ सम्पत्ति कर बुझाउन बाँकी रहेको उपमहानगरका राजस्व शाखा प्रमुख रमेश सुवेदीले जनाएका छन् ।

उनले भने- 'उहाँहरुले क्यासिनो सुरु भएदेखि हालसम्म एक रुपैयाँ पनि सम्पत्ति कर र मनोरञ्जन कर बुझाउनु भएको छैन,' राजस्व शाखा प्रमुख सुवेदीले भने, 'कर बुझाउन जति ढिलो गर्नुहुन्छ, त्यति नै जरिवाना थपिँदै जान्छ ।'

नेपालको संविधानको धारा ५७ को उपधारा ४ मा स्थानीय तहको अधिकारहरु अनुसूची ८ अनुसार हुने प्रस्ट छ । अनुसूची ८ को क्रमसंख्या ४ मा स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलनको अधिकार स्थानीय तहलाई दिएको छ ।

उता, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्माइल कलेक्सन प्रालि.ले जीतपुर सिमरा उपमहानगरलाई बुझाउनु पर्ने मनोरञ्जन कर बापतको रकम के कति बुझाएको छ १५ दिनभित्र विवरण पठाउन उपमहानगरलाई निर्देशन दिएको थियो ।

आयोगले चालु आर्थिक वर्षको साउन पहिलो साता पठाएको पत्रको जवाफ उमहानगरले उल्टै साउन दोस्रो साता इच्छा होटललाई पत्र पठाएर क्यासिनोले के कति मनोरञ्जन कर बुझाएको छ ? सो को व्यहोरा ७ दिनभित्र कार्यालयमा जानकारी गराउन अनुरोध गरेको थियो । अख्तियार र उपमहानगरको पत्र लत्याउँदै क्यासिनो सञ्चालक वाग्लेले स्थानीय तहलाई कुनै पनि कर तिर्नु नपर्ने अडान लिँदै आएका छन् ।

जीतपुर सिमरा उपमहानगरका नगरप्रमुख राजन पौडेलले स्थानीय तहको क्षेत्रभित्र पर्ने शीर्षकका करहरु ढिलोचाँडो सबै असुल उपर हुने बताएका छन् । 'संविधानमै स्थानीय तहले लिन पाउने कर शीर्षक छुट्याएपछि उहाँहरुले तिर्दिनँ भन्नु बेकारको कुरा हो, जति ढिलो गर्नुहुन्छ, त्यति नै जरिवानामा पर्नुहुन्छ,' उनले भने ।

मनोरञ्जन कर अन्तर्गत फिल्म हल, सांस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सबार, कर्न्सट, नाटक घर, भिडियो घर, थिएटर पार्क आदिको प्रवेश शुल्क (टिकट) को ५ प्रतिशत लाग्ने उपमहानगरको आर्थिक ऐन २०८० मा उल्लेख छ । साथै सो कर संघीय र प्रदेश कानुन बमोजिम सम्बन्धित प्रदेशलाई ४० प्रतिशत बाँडफाँट गर्नुपर्ने व्यवस्था छ ।

२०७४ साल माघदेखि सञ्चालनमा रहेको क्यासिनोले हालसम्मको मनोरञ्जन कर एकमुष्ट तिर्नुपर्दा २ करोडभन्दा माथि पर्ने उपमहानगरले जनाएको छ ।

# महाबाणिज्य दूतावासले मनायो ७५ औं गणतन्त्र दिवस




**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले पनि विविध कार्यक्रम गरी ७५ औं गणतन्त्र दिवस मनाएको छ ।

'विकसित भारत' र 'भारत-लोकतन्त्रको मातृका' भन्ने नारासहित भारत यस वर्षको गणतन्त्र दिवस धूमधामका साथ मनाएको छ ।

महावाणिज्य दूतावास परिसरमा शुक्रबार सम्पन्न भएको कार्यक्रममा महावाणिज्य दूत देवीसहाय मीनाले झन्डोतोलन गर्दै राष्ट्रपति द्रौपदी मुर्मूले व्यक्त गरेको सन्देश भारतको अध्यक्षतामा दिल्लीमा सम्पन्न भएको जी २० शिखर सम्मेलनको सफलता अभूतपुर्व उपलब्धि भएको उल्लेख गरेको थियो । जी २० संग जोडिएको आयोजनाले जनसामान्य भागीदारी विशेषरुपमा उल्लेखनीय भएको भारतीय राष्ट्रपतिको भनाइ छ ।

राष्ट्रपति मुर्मूको सन्देशमा भारतीय स्वतन्त्रता र त्यसपछिको प्राप्त गरेको उपलब्धि भारतको अध्यक्षतामा सम्पन्न जी-२० सम्मेलन र चन्द्रयान-३ मिसन लगायत विभिन्न उपलब्धिहरु सराहनीय भएको व्यक्त गरेको छ ।

सो कार्यक्रममा वीरगञ्ज तथा जनकपुरधामका विद्यार्थीहरुद्वारा मनमोहक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रममा स्थानीय व्यापारी, संचारकर्मी तथा दूतावासका राजनैतिक कन्सुलर शैलन्द्र सिंह, मिडिया कन्सुलर शशिभूषण कुमार लगायत दूतावासका अधिकारी एवं कर्मचारीसहित विभिन्न क्षेत्रका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

सन् १९५० मा भारत गणतन्त्र घोषित भएको थियो । भारत ब्रिटिस उपनिवेशबाट सन् १९४७ को अगस्त १५ मा स्वतन्त्र भएको थियो । तर सन् १९५० को जनवरी २६ मा संविधान जारी भएसँगै भारत सार्वभौम, लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित भएको थियो ।

# समाजवादी प्रेस संगठनको सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

वीरगंज । समाजवादी प्रेस संगठन नेपाल पर्साको विशेष जिल्ला सम्मेलन शुक्रवार सम्पन्न भएको छ ।

वीरगंज स्थित माईस्थानमा सम्पन्न जिल्ला सम्मेलनले आशमहम्मद मियाँको अध्यक्षतामा २१ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ । नयाँ नेतृत्वको उपाध्यक्षमा दिपक कुशवाहा, सचिवमा राकेश जायसवाल, दिपक चौरसिया, बिरेन्द्र भट्टराई, छोटु रौनियार, मयन्क गुप्ता, रोशन कुमार, आकाश पटेल, राजकिशोर भगत, सागर कुमार, अरुण कुमार, जितेन्द्र कुमार, बिनय कुमार मुखिया सर्वसम्मत चयन भएका छन् ।

विशेष जिल्ला सम्मेलनका संयोजक आशमहम्मद मियाँको सभापतित्वमा सम्पन्न सो सम्मेलनको प्रमुख अतिथि नेकपा




राम अनुप यादव, सह-सचिवद्वयमा श्रीराम रौनियार र जय कुमार यादव, कोषाध्यक्षमा रामेश्वार चौरसिया, सदस्यहरुमा अजय चौरसिया, दिपेन्द्र गिरी, रंजित चौरसिया, एकीकृत समाजवादी पार्टी पर्साका सचिवालय सदस्य एवं केन्द्रीय प्रचार विभाग सदस्य राघव साहले नवनिर्वाचित समितिलाई शपथ ग्रहण गराएका थिए ।

शपथ गराउँदै प्रमुख अतिथि साहले यस जिल्लाका समाजवादी प्रेस संगठनलाई भाँडभैलो मच्चाउन पार्टीका जिल्ला अध्यक्ष बालगोपाल थापा र संगठनका महासचिव रामकुमार ऐलन तथा केही कुतत्वहरु करिब एक वर्ष देखि लागेको हुनाले पर्साको संगठन कमजोर भएको बताए ।

संगठनका केन्द्रीय सल्लाहकारसमेत रहेका साहले वीरगंजमा केन्द्रीय पदाधिकारीहरु आइसकेको अवस्थामा दुबै पक्षको समस्या समाधान गरी एउटा आयोजक कमिटी बनाएर एकै थलोमा सम्मेलन गर्ने निश्चित जस्तै भए पनि पार्टी अध्यक्ष थापा र महासचिव ऐलनको लहैलहैमा लागेर संगठनका अध्यक्ष विश्वमणी सुबेदीले एकपक्षीय सम्मेलनमा सहभागी हुनुले संगठनको लागि हित नदेखिएको बताए ।

# पालिकाको स्टोरमा आगलागी




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बिष्णुपुर गाउँपालिकाको एक स्टोरमा बिहीबार राति आगलागी भएको छ । बिष्णुपुर नहर चोकमा निजी घर भाडामा लिएर स्टोर राखिएको थियो ।

गाउँपालिकाले अस्पताल निर्माण गरेर संचालन गर्नुपूर्व नै आर्थिक वर्ष ०७७/७८ मा अस्पतालका लागि उपकरणहरु खरिद गरेको थियो । एक करोडभन्दा बढी मूल्य बराबरको स्वास्थ्य उपकरण राखिएको स्टोरमा आगलागी भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्ज्वल आनन्दले जानकारी दिए ।

अस्पताल निर्माणको तयारी नहुँदै अस्पतालको लागि सामग्री खरिद गर्दा अनियमितता भएको आरोप लाग्दै आएको थियो । सोही सामग्री राखिएको स्टोरमा आगलागी हुनु शंकास्पद रहेको स्थानीयको भनाइ छ ।

प्रमुख प्रशासकीय अधिकृत आनन्दका अनुसार आगलागी कसरी भयो भन्ने कारण खुल्न सकेको छैन । आगलागीबाट भएको क्षतिको विवरण संकलन भइरहेको अधिकृत आनन्दले बताए ।

# बौद्धिक अपांग लक्षित विभिन्न कार्यक्रम

**टुडे समाचारदाता**

राजविराज । बौद्धिक अपांगताका अभिभावक संघ तथा बौद्धिक अपांग संघ सप्तरीले जिल्लाको विभिन्न स्थानमा रहेका बौद्धिक अपांगता भएका व्यक्तिहरुको संरक्षण, क्षमता विकास, स्वरोजगार, शिक्षा, स्वास्थ्य तथा राज्यको मूल प्रवाहमा पहुँच पुऱ्याउने उद्देश्यले यहाँ विभिन्न गतिविधि अघि बढाएको छ । जसकारण बौद्धिक अपाङ्गता भएका बालवालिकादेखि बृद्धबृद्धाहरु सम्ममा उत्साह छाएको छ ।



सप्तरी जिल्लामा सुस्त मनस्थिति तथा बौद्धिक अपांगता भएको व्यक्तिको संख्या ५ सयको हाराहारीमा रहेको छ । उनीहरुको पहिचान गरी अध्ययन, अध्यापन, अधिकार, स्वरोजगार, क्षमता विकास, सीपमूलक तालिम, सुनेर, देखेर, हेरेर, स्पर्श गरेर संकेत आदीका माध्यमबाट संरक्षणको प्रयास गरिरहेको बौद्धिक अपांगताका अभिभावक संघ सप्तरीका अध्यक्ष जगदीश प्रसाद अर्यालको भनाइ छ ।

संस्थाले एबलिज फाउन्डेशन, सिबिएम तथा कोपिला परियोजनाको सहयोगमा जिल्लामा बौद्धिक अपांगता भएका बालबालिकाको पठन पाठन तथा बौद्धिक अपांगता भएका व्यक्तिहरुको क्षमता विकासका लागि विभिन्न गतिविधि अघि बढाएको छ । यसक्रममा सुस्त मनस्थिति तथा बौद्धिक अपांगता भएका ४ दर्जन भन्दा बढी बालबालिकालाई आवासीय सुविधा सहित राजविराज- ६ स्थित बहिरा बालक स्कुलमा डे केयर श्रोत कक्षा सञ्चालनमा ल्याइएको छ ।

संस्थाले सोही विद्यालयमा ११ कठा जग्गामा बौद्धिक अपांगता भएका बालबालिकाका लागि डे-केयर आवासीय सुविधा सहितको नयाँ कक्षा कोठा भवन पनि बनाउन सुरु गरेको छ ।

तर अधिकांश पूर्वाधारहरु निर्माण गर्न आवश्यकता रहेको र यसका लागि सरोकारवाला तथा तीनवटै तहका सरकारको सहयोग आवश्यक रहेको बौद्धिक अपांगताका अभिभावक संघ सप्तरीका अध्यक्ष जगदिश प्रसाद अर्यालले बताए ।

२०६८ मंसिर २७ गते दर्ता भएको बौद्धिक अपांगताका अभिभावक संघ तथा २०७९ असार २ गते दर्ता भएको बौद्धिक अपांग संघ सप्तरीले मिलेर यस क्षेत्रमा काम गर्दा लक्षित वर्ग लाभान्वित भएको समावेशी अपांग संघ सप्तरीका अध्यक्ष सतीशचन्द्र झाले बताए । दिगो विकासको लक्ष्य पूरा गर्न हरेक समुदायको संरक्षण, उन्नति र प्रगति जरुरी रहेको भन्दै उनले यसका लागि सबैको सहयोग र सहकार्य जरुरी रहेको बताए । दिगो विकासको नारा नारामै सीमित रहन नदिन तथा लक्ष्य प्राप्तिका लागि राज्य, दातृ निकाय र सबै सरोकारवालाको ऐक्यबद्धता र सहयोग आवश्यक रहेको उनले बताए ।


**समाचारदाता चाहियो**

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ ।

इमेल : jtodaynews@gmail.com

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण (मोबाइल, टयाब, ल्यापटप आदि)को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गसमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८